
# लेखापरीक्षण प्रतिवेदन

# आँबुखैरेनी गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## आँबुखैरेनी गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/509

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
तनहुँ।

**कैफियतसहितको राय**

हामीले आँबुखैरेनी गाँऊपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण) को लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. ८ करोड ४२ लाख, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु १२ लाख १० हजार, उघोग,पर्यटन,बन तथा वातावरण मन्त्रालयको रु १८ लाख ५८ हजार र ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालयको रु १ लाख ४८ हजार गरी रू ८ करोड ७४ लाख १७ हजार समावेश गरेको छैन।

२ पालिकाको रु ९७ करोड ३४ लाख ९४ हजार लेखापरीक्षण गरिएकोमा रू २ करोड १८ लाख ३४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु ३३ लाख ७१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई कायम भएको बाँकी बेरुजु रु १ करोड ८४ लाख ६३ हजार मध्ये असुल गर्नुपर्ने रू १४ लाख ६२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४७ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २० लाख ७५ हजार र पेस्की बाँकी रु.१ लाख ७५ हजार रहेको छ। गत वर्षसम्म रु.१२ करोड २५ लाख ९६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड ९ लाख २५ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३ पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

४ लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथाजालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७४ | १४० | २१८३४३७७ | ० | ३६ | ३३७१३७१ | ० | ७४ | १०४ | १८४६३००६ | १४६२९२५ | १२०७५७७० | ४७४९३११ | ० | ० | १६८२५०८१ | १७५००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | १२२५९६६९० | ० | १३३९१४ | १२२४६२७७६ | ० | १८४६३००६ | १४०९२५७८२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ३८ | दोहोरो अनुगमन भत्ता:- | २४,६५० |
| २ | २०७९/८० | ४२ | बढी भुक्तानी :- | ७,७०९ |
| ३ | २०७९/८० | ६१ | पारिश्रमिक कर घटी दाखिला:- | १,०१,५५५ |
| ४ | २०८०/८१ | ८६ | मोटरबोट संचालन : | १,३१२ |
| ५ | २०८०/८१ | ५० | बैठक भत्ता : | १७,००० |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | 45 | बढी भुक्तानी : | ३४,८५० |
| ७ | २०८०/८१ | ३७ | पेश्की बाँकी- | १,५०,००० |
| ८ | २०८०/८१ | ६७.२ | पालिका अन्तर्गतको आँबुखैरेनी अस्पतालतर्फ देखिएका व्यहोराहरु | ७,५८,०७५ |
| ९ | २०८०/८१ | ७१ | पारिश्रमिक कर : | ५,००० |
| १० | २०८०/८१ | ५१ | पारिश्रमिक कर : | ४,६७,५३७ |
| ११ | २०८०/८१ | १११ | दोहोरो पदाधिकारी सुविधा : | ५,००० |
| १२ | २०८०/८१ | ५७ | कार्यसम्पादन मूल्यांकन बैठक भत्ता : | ३,४०० |
| १३ | २०८०/८१ | ७७ | ईन्टरनेट जडान अनुदान: | ८४,००० |
| १४ | २०८०/८१ | ८४.१ | सत्रसय घाट : | ४,२२,५६५ |
| १५ | २०८०/८१ | ९२ | वातावरण शुल्क : | १०,५६,४५८ |
| १६ | २०८०/८१ | ६८ | वडास्तरीय अनुगमन खर्च: | १४,९२२ |
| १७ | २०८०/८१ | ४२ | समायोजन/खारेज भएको विद्यायल : | ३,५१,२५२ |
| जम्मा | | | | ३५,०५,२८५ |

# (८०४३८५०१३०० - आँबुखैरेनी गाउँपालिका, तनहुँ )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु संघ प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन गरी नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल १२८ वर्ग किलोमिटर तथा २०७८ को जनगणना अनुसार २२३४९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।२४ देखि २०८१।०८।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ , राजस्वतर्फ , धरौटीतर्फ तथा अन्य कारोबारतर्फ रु. ९७ करोड ३४ लाख ९४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१४६५३६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पदाधिकारी दोहोरो सुविधा | ३८२०० |
| २ | नम्स भन्दा बढी भुक्तानी | ३४६८० |
| ३ | पारिश्रमिक कर | ५००० |
| ४ | बैठक भत्ता | ७६५० |
| ५ | भ्रमण भत्ता | ७५०० |
| ६ | कार्यसम्पदान मुल्यांकन भत्ता | ३४०० |
| ७ | सामाजिक सुरक्षा भत्ता | २८१३६ |
| ८ | भ्याट | २१९७० |
| | **जम्मा** | १४६५३६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन,

- पालिकाले २०८०।०८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २७० वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

· राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन,
· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

· सार्वजनिक खरिद नियमावली, २०६४को नि७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयारगर्नुपर्नेमा तयार गरेको पाईएन।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,

सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३ **एकीकृत आर्थिक विवरण :**

- स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी अवलम्बन गर्नुपर्ने तथा नियम ७६ मा महालेखा परिक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (मलेपफा नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ ।

| | आय तर्फ | | | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| क्रस | विवरण | रकम | क्र स | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **७७९९४६८६** | १ | **चालु खर्च** | **३०३०७१६०४** |
| | संचित कोष | ६१६७९२५२ | २ | **पुँजीगत खच** | **१७७७७३७०२** |
| | प्रकोप व्यवस्थापन | ५७५८६० | ३ | **कोष खर्च** | **१९९७७५७०** |
| | धरौटि खाता | १०४०२१०८ | | धरौटी खर्च | २५६३९३७ |
| | विविध कोष खाता | २२००००० | | विभाज्य कोष खाता | ८०८९८०४ |
| | विविध खर्च खाता | ३१३७४६६ | | प्रकोप खर्च | २१३५५४ |
| | विभाज्य कोष खाता | ० | | विविध खर्च | ९११०२७५ |
| २ | **आन्तरिक राजस्व** | १६०२३०१०४ | ४ | **मौज्दात** | **४९८४११६७** |
| | आन्तरिक राजस्व | २५९३५२१३ | | संचित कोष | १५१२७१९८ |
| | राजश्व बाँडफाँड | १३४२९४८९१ | | प्रकोप व्यवस्थापन | ३५९७३७ |
| ३ | **अनुदान** | **२७४०६६५८०** | | धरौटि खाता | १७९२५०५७ |
| | संघीय अनुदान | २५२४६८९८० | | विविध खर्च खाता | १४२२९१७५ |
| | प्रदेश अनुदान | २१५९७६०० | | विभाज्य कोष खाता | ० |
| ४ | **विभिन्न कोषको आय** | **३८३७२६७३** | | विविध कोष खाता | २२००००० |
| | धरौटी आय | १००८०८८६ | | | |
| | प्रकोप आय | ० | | | |
| | विविध खर्च खाता | २०२०१९८३ | | | |
| | विभिज्य कोषको आय | ८०८९८०४ | | | |
| | जम्मा | **५५०६६४०४३** | | | **५५०६६४०४३** |

४ **वित्तीय विवरणको यथार्थता** -

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न अन्तरसरकारी खर्चलाई सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| क्र.स | खर्चशर्षक | निकासा | खर्च |
|---|---|---|---|
| १ | सामाजिकसुरक्षा | ८५३०४५६० | ८४२००६३४ |
| २ | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | १२१०००० | १२१०००० |
| ३ | उद्योगपर्यटन बन तथा वातावरण मन्त्रालय | २०००००० | १८५८१४५ |
| ४ | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | १५०००० | १४८३५० |
| जम्मा | | ८८६६४५६० | ८७४१७१२९ |

५ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८,८७,६१,८८८.६२ | ० | ८,८७,६१,८८८.६२ | ८,६८,२३,५६२.१३ | ० | ८,६८,२३,५६ |
| १३००० | अनुदान | | २७,४०,६६,५८०.७८ | ० | २७,४०,६६,५८०.७८ | २८,१८,०१,८७२.०३ | ० | २८,१८,०१,८ |
| १४००० | अन्य राजस्व | | ७,१९,७३,५४४.५३ | ० | ७,१९,७३,५४४.५३ | ७,१९,४२,२०८.४७ | ० | ७,१९,४२,२० |
| १५००० | विविध प्राप्ति | | ६,०४,२११.२६ | ० | ६,०४,२११.२६ | ९५,६५०.०० | ० | ९५,६५०.०० |
| क | **कुल जम्मा प्राप्ति** | | ४३,५४,०६,२२५.१९ | | ४३,५४,०६,२२५.१९ | ४४,०६,६३,२९२.६३ | | ४४,०६,६३,२ |
| ३ | चालु | | ३०,३०,७१,६०४.२८ | ० | ३०,३०,७१,६०४.२८ | ३३,५५,८१,६२९.३२ | ० | ३३,५५,८१,६ |
| २१००० | पारिश्रमिक / सुविधा | | ३,७५,९५,५७८.०९ | ० | ३,७५,९५,५७८.०९ | १७,१४,२२,९९४.२३ | ० | १७,१४,२२,९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १०,४३,८०,६३७.६३ | ० | १०,४३,८०,६३७.६३ | १५,४५,६२,३३२.०९ | ० | १५,४५,६२,३ |
| २५००० | सहायता (Subsidy) | | १३,८८,३०,२३०.४७ | ० | १३,८८,३०,२३०.४७ | ३,००,०००.०० | ० | ३,००,०००.० |
| २७००० | सामाजिक सुरक्षा | | १,९२,१९,०८५.०९ | ० | १,९२,१९,०८५.०९ | १८,१४,०८७.०० | ० | १८,१४,०८७. |
| २८००० | अन्य खर्च | | ३०,४६,०७३.०० | ० | ३०,४६,०७३.०० | ७४,८२,२१६.०० | ० | ७४,८२,२१६. |
| ४ | पूंजीगत | | १७,७७,७३,७०२.०६ | ० | १७,७७,७३,७०२.०६ | १७,६६,२५,२३९.७५ | ० | १७,६६,२५,२ |
| ३१११० | भवन तथा संरचना | | ७४,३९,३९१.०० | ० | ७४,३९,३९१.०० | ९४,४८,८८४.०० | ० | ९४,४८,८८४. |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स | | ७६,६२,६००.५० | ० | ७६,६२,६००.५० | ४२,१६,२७९.०० | ० | ४२,१६,२७९. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा फिक्चर्स | | | | | | | |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३६,३९,५६८.०० | ० | ३६,३९,५६८.०० | १९,८९,०६४.०० | ० | १९,८९,०६४.० |
| ३११४० | सुरक्षा उपकरण | | १५,००,०००.०० | ० | १५,००,०००.०० | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | १५,४७,५१,१७९.५६ | ० | १५,४७,५१,१७९.५६ | १५,९६,७४,०८७.७५ | ० | १५,९६,७४,०८ |
| ३११७० | पूँजीगत सुधार खर्च | | २७,८०,९६३.०० | ० | २७,८०,९६३.०० | १२,९६,९२५.०० | ० | १२,९६,९२५.० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ४८,०८,४५,३०६.३४ | | ४८,०८,४५,३०६.३४ | ५१,२२,०६,८६९.०७ | | ५१,२२,०६,८६ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (४,५४,३९,०८१.१५) | | (४,५४,३९,०८१.१५) | (७,१५,४३,५७६.४४) | | (७,१५,४३,५७ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | १,८३,९५,९६६.१२ | | १,८३,९५,९६६.१२ | ८,९२,७८१.५२ | | ८,९२,७८१.५ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | (३,८५,९२६.५२) | | (३,८५,९२६.५२) | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | (२,७०,४३,११५.०३) | | (२,७०,४३,११५.०३) | (७,०६,५०,७९४.९२) | | (७,०६,५०,७९ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | ७,७९,९४,६८७.८० | | ७,७९,९४,६८७.८० | १४,८६,४५,४८२.७२ | | १४,८६,४५,४८ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ५,०९,५१,५७२.७७ | | ५,०९,५१,५७२.७७ | ७,७९,९४,६८७.८० | | ७,७९,९४,६८ |

६ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रोस्ता अनुसार मौज्दात** | **बैक मौज्दान** | **फरक** |
|---|---|---|---|
| स्थानीय तह संचित कोष खाता | १६६२६०९८ | १५१२७१९८ | १४९८९०० |
| चालु खर्च खाता | -२३०७९९ | | |
| पुँजिगत खर्च खाता | -१५५१२७ | ० | |
| विविध कोष खाता | २२०००००० | २२०००००० | |
| विविध खर्च खाता | १४२२९१७५ | १४२२९१५९ | |
| प्रकोप कोष खाता | ३५७१६८ | ३५९७३७ | |
| स्थानीय विभिज्य कोष | ० | ११००४६९ | |
| धरौटी | १७९२५०५७ | १७९२५०५७ | |
| ग १ १ आन्तरिक राजस्व खाता | ० | ० | |
| ग१ २ बाँडफाँडबाट प्राप्त राजस्व | ० | ० | |
| ग १ ३आन्तरिक अनुदान खाता | ० | ० | |
| जम्मा | | | |

पालिकासँग छलफल गर्दा २०२४।७।१६ मा रु ३९७४४९ र २०२४।८।१ मा ११००४६८ गरी १४९८९०० संचित कोषमा दाखिला गरी हिसाव मालान गरेको देखिन्छ । पालिकाले तोकिएको बैक हिसाव मिलान म.ले.प २१२ तयार गरी राखेको नपाइएकाले बैंक हिसाव मिलान गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७ **बजेट सिमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० **बजेट पेश, पारित र अख्तियारी –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.६३ करोड २ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।०९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

११ **लक्ष्य प्रगति :**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला्इ जिम्मेवार बनाउनु पर्दछ :

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १५१ | ५२ | ० | ० | ९९ |

१२ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७७७७३७०२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशन |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८७७८८००० | ४०२२४१८३ | ८.३७ |
| २ | सामाजिक विकास | २७५१३४००० | २२२५३७२३१ | ४६.२८ |
| ३ | पूर्वाधार विकास | १२३१७४००० | ९९४८३७२६ | २०.६९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १८२००००० | १२६१४८८७ | २.६२ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १२६५५०००० | १०५९८५२७८ | २२.०४ |
| जम्मा | | ६३०८४६००० | ४८०८४५३०५ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६.२८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा मा सबै भन्दा घटीमा २.६२ प्रतिशत रहेको छ ।

१४ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| | कूल खर्च | प्रथम | दोस्रो | तेस्रो | चौथो | अषाढ |
|---|---|---|---|---|---|---|
| पूजिगत कूल खर्च | १७७७७३७०२ | १४०२३६१२ | ४७०३२५२६ | २००००००० | ९६७१७५६३ | ५१८०३२५२ |
| प्रतिशत | १०० | ७.८९ | २६.४६ | ११.२५ | ५४.४० | २९.१४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१७ करोड ७७ लाख पूँजीगत खर्च भएको मा प्रथम त्रैमासिकमा रु.१ करोड ४० लाख ( ७.८९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४ करोड ७० लाख (२६.४६ प्रतिशत ) , तेस्रो त्रैमासिकमा रु २ करोड (११.२५ प्रतिशत) र चौथो त्रैमासिकमा रु ९ करोड ६७ लाख ( ५४ प्रतिशत ) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड १८ लाख ( २९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको

देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१५ **खर्च बिश्लेषणः**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु १३,४२,९४,८९१ राजस्व बाँडफाँड र अनुदानबाट रु २७,४०,६६,५८० समेत रु ४०,८३,६१,४७१ आम्दानी भएकोमा चालु तर्फ रु ३०,३०,७१,६०४ र पूँजिगत तर्फ रु १७,७७,७३,७०२ समेत रु ४८,०८,४५,३०६ खर्च भएको छ । कूल खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.३५ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु १,२०,२७,१२९ खर्च भएको छ जुन आन्तरिक आयको ४६.३७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.२१ प्रतिशत चालु र ४३.५३ प्रतिशत मात्र पूँजि निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१६ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** –

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.१२१२२५ भुक्तानी दिएको पाईयो ।पालिकाले पूँजीगत शर्षकमा विनियोजित बजेट चालु शीर्षकमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौचर नं | बजेट खर्च शिर्षक | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|
| २८९।३।२२ | चेपाङ वस्ती शौचालय निर्माण | स्टेशनरी तथा विविध खर्च | १६२२५ |
| २९०।३।२२ | अक्लाङ् सामुदायिक अपुरो भवन निर्माण | सडक बत्ती जडान | २०००० |
| २०६।३।१६ | अकला आ.वि विद्यालय भवन निर्माण | फिल्ड भत्ता | ८५००० |

१७ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१८ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म २४ वटा ऐन, १० वटा नियमावली, ५१ वटा कार्यविधि, ३ निर्देशिका तथा ४ मापदण्ड गरी कूल ९२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले यस आर्थिक वर्षमा २४ कार्यविधि, ४ ऐन, ५ मापदण्ड गरी जम्मा ३० वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ, उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१९ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष

थप भएको ८ गरी कुल ९ विवाद दर्ता भएकोमा ८ वटा मात्र फस्र्योट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२० **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२१ **अनुदानको अनुगमन** –

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.६२,५३,७५१.०० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२२ **कर्मचारी प्रोत्साहन भत्ता** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.१०७४७१६ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम सूचक तयार गरी कार्यसम्पादन मूल्यांकनको आधारमा खर्च लेख्नुपर्दछ ।

२३ **फोहरमैला व्यवस्थापन** –

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२४ **व्यवसाय कर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२२५७०३० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ भन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२५ **जिन्सी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान

मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२६ **आवधिक योजना –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

२७ **फरक हिसाब –**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१६३१५४३४ , यस वर्षको प्राप्ति रु.४०९८९७५०६, र बैङ्क मौज्दात रु. ३४७१३९६९ फरक परेको छ ।सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ६१६७९२५२ | ४५०५३१५४ | ४८०८४५३०६ | १५१२७१९८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७७९९४६८६ | ४५४९५०६६० | ४८०८४५३०६ | ४९८४११६७ |
| फरक | १६३१५४३४ | ४०९८९७५०६ | ० | ३४७१३९६९ |

२८ **आय अनुमान -**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६५७२३२०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३५८३३१५५ अर्थात अनुमान भन्दा ५४.५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२९ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च संघिय अनुदान | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २५२४६८९८० | ३५८३३१५५ | ५४.५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३० **कर तथा शुल्क असुली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५४५०००० | ३७१७०५६ | ६८।२० |
| घरजग्गा वहाल कर | ४५००००० | ४३०३३४९ | ९५।६३ |
| व्यवसाय कर | २०००००० | २२५७०३० | ११२ |
| वहाल विरौटी शुल्क | १०००००० | ० | ० |
| सवारी साधन कर | १२००००० | ० | ० |
| अन्य सेवा विक्री शुल्क | १५०००० | १०७८५६३३ | ७१९० |
| प्रदुषण नियन्त्रण शुल्क | १०६९५००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

३१ **राजश्व अभिलेख** -

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद लिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने तथा करदाताको नामांकन taxpayer mapping मार्फत गर्ने सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

३२ **रकमान्तर खर्चः**

आँवुखैरेनी गाउँपालिकाको विनियोजन ऐन २०७९ को दफा २ मा कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुन हुनेमा रकमान्तर गर्ने सक्ने र यसरी रकम सार्दा एक शीर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशत नवढ्ने गरी सार्न सकिने व्यवस्था छ । पालिकाले गाउँसभाबाट निम्न विभिन्न ५७ खर्च शीर्षकबाट रु ६२४५५००० रकम घटाएर ७६ योजनामा रु ६२४५५००० रकम वढाई कार्यक्रम संशोधन गरेको देखिन्छ । आषाढमा बजेट तथा कार्यक्रम बनाउँदा प्रयाप्त गृहकार्य नहुनुको कारण एक पटक तय भएका कार्यक्रमहरु तोकिएको लक्ष्य उद्देश्य पुरा हुने गरी कार्यान्वयन गर्नु तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

३३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

३४ **योजना प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा वडाको लागि वडागत र पालिकास्तरका कुल २७४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १५१ | . १२ | ६५ | ७५ |
| २. | वडास्तरीय | . १२३ | २८ | ५२ | २४ |
| | जम्मा | २७४ | ४० | ११७ | ९९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

३५ **प्रधानमन्त्री रोजगार कार्यक्रम** -

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा २८ योजना सञ्चालन गरी यस वर्ष ३०० जनालाई औसत १०० दिनलेरोजगारी उपल व्ध गराई रु. ५१७०३२० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३६ **राजश्व वाँडफाँड** -

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी प्रदेश विभाज्य कोषमा पठाउनुपर्दछ ।

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ८०८९७७३ | ३२३५९०९ | ० | ३२३५९०९ |

३७ **पेश्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.१७५००० म्याद नाघी बाँकी रहेको देखिन्छ जसलाई नियमानुसार फस्र्यौट गर्नुपर्ने रु

| पेश्कीको विवरण | पेश्की लिने व्यक्ति तथा संस्था | म्याद नाघेको पेश्की रकम |
|---|---|---|
| सीप मूलक तथा उद्यम विकास कार्यक्रम | निर्मल राम दाम वि.क | १७५००० |
| जम्मा रकम | | १७५००० |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| पेश्की | १,७५,००० |
|---|---|

३८ **म्याद ननाघेको पेश्की -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ३ कार्यक्रमम निम्न निकाय लाई रु ५०४०००० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| **म्याद ननाघेको पेश्कीको विवरण** | **पेश्की लिनेको नाम** | **रकम** |
|---|---|---|
| आँवुखैरेनी चत्रपथ कालोपत्रे-३ | ऋषि शक्ति विल्डर्स एण्ड इन्जिनियर्स प्रा. लि. | ३०००००० |
| केउरानी मझुवाडाँडा(लिफ्टिङ) खानेपानी योजना आँबुखैरेनी ६ | काराखेती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ५४०००० |
| सङ्घ तथा प्रदेश सरकार बाट प्राप्तसमपुरक योजनाको लागी समपुरक बजेट र लागत सहभागीता समपुरक | ऋषि शक्ति विल्डर्स एण्ड इन्जिनियर्स प्रा. लि. | १५००००० |
| जम्मा | | ५०४०००० |

३९ **विधुत महसुल :** (५९५-२०८१-३-२४):

गण्डकी प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २९ मा यस ऐन बमोजिम राख्नुपर्नुपर्ने लेखा ठिक संग नराखेको कारण कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तीवाट असुल गर्ने व्यवस्था छ।पालिकाले विधुत महसुल वापत रु.२७२२१५ भुक्तानी हुनु पर्नेमा विलम्ब शुल्क सहित रु.३००००० भुक्तानी भएकोले बढी व्यय भार पर्न गएको रकम २७७८५ नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | २७,७८५ |
|---|---|

४० **कर्मचारी व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक देहायका कर्मचारी करारमा नियुक्त गरी यो वर्ष तलव भत्तामा रु.४३१३०९२ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नाम | तलव रु. प्रति महिना | जम्माभत्ता भुक्तानि रु. |
|---|---|---|---|
| ईन्जिनियर | पंकज चितौरे मगर | ४३६८९ | ५७७९५७ |
| अमिन | सरोजचन्द्र अधिकारी | ३२९०२ | ४३७७२६ |
| सृजना गुरुङ | स.कम्प्युटर अपरेटर | २७६०० | ३६८८०० |
| सुरेश भुजेल | स.कम्प्युटर अपरेटर | २७६०० | ३६८८०० |
| अनिशा गुरुङ | स.कम्प्युटर अपरेटर | २७६०० | ३६८८०० |
| ममिता गुरुङ | स.कम्प्युटर अपरेटर | २७६०० | ३६८८०० |
| अञ्जली दुवाडी | स.कम्प्युटर अपरेटर | २७६०० | ३६८८०० |
| सन्जित श्रेष्ठ | अमिन | ३२९०२ | ४३७७२६ |
| सन्देश भण्डारी | अमिन | ३२९०२ | ४३७७२६ |
| सदस्य सचिव विकास बोर्ड | किशोर सुवेदी | ४३६८९ | ५७७९५७ |
| **जम्मा** | | | **४३१३०९२** |

| अनियमित भएको | ४३,१३,०९२ |
|---|---|

४१ **नपाउने घर बहाल सुविधा :**

पालिकाले चालु प्रकृतिको खर्च मितव्ययी र प्रभावकारी ढङ्गले गर्नुपर्दछ । पालिकाले निम्नानुसार यस आर्थिक वर्षमा विभिन्न प्रयोजनका लागी भनि घरसँग विभिन्न मितिमा सम्झौता गरी निम्नानुसार घर भाडा रु.११९२८०० भुक्तानी गरेको देखिन्छ। घर भाडामा लिदाँ घर धनि संग गरिएको सम्झौतामा कुन शाखा/पदाधिकारी/कर्मचारीको लागि हो भनी प्रयोजन उल्लेख गरेको छैन।सम्बन्धित कर्मचारी/ पदाधिकारी बसे नबसेको यकिन गर्न सकिएन।प्रचतलित कानून बमोजिम आवास सुविधा पाउने पदाधिकारीलाई मात्रै घर भाडा वापतको रकम भुक्तानी गर्नुपर्ने हुन्छ।सार्वजनिक खर्चको उपयोग सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।केही उदहारणहरु:

| क्र.सं. | घरधनी | कोठा संख्या | वार्षिक भाडा रकम |
|---|---|---|---|
| १ | कृष्णलाल श्रेष्ठ | २ | ७२००० |
| २ | कृष्ण बहादुर पन्थ | ४ कोठे/१ फ्लायट | २००४०० |
| ३ | लक्ष्मी श्रेष्ठ | २ कोठा | २१००० |
| ४ | राम माया श्रेष्ठ | २ कोठा | ९६००० |
| ५ | गोविन्द अधिकारी | ३ कोठा | १०८००० |
| ६ | दिल बहादुर गुरुङ्ग | ५ कोठा/१फल्याट | २०४००० |
| **जम्मा** | | | **७०१४००** |

४२ **समायोजन/खारेज भएको विद्यायल :**

कार्यपालिकाको मिति २०८१।०१।३१ को निर्माण अनुसार समायोजन/खारेज भएको विद्यालयहरुको शौक्षिक र भौतिक स्वामित्व हस्तान्तरण गर्ने निर्णय भएकोमा देहायका विद्यालयहरुको बैँक खातामा राहेको मौज्दात रकमको प्रयोजन समाप्त भएकोले उक्त मौज्दात रकम राजस्व खातामा जम्मा गर्नुपर्ने रु.

| क्र स | विद्यालयको नाम | रकम |
|---|---|---|
| १. | ईन्ददेवि प्रावि | १२४०७२ |
| २ | सिद्ध जनएकता प्रा.वि | ३६,३२०. |
| ३ | ईच्छाकामना प्रा.वि | २३,९९८ |
| ४ | आनन्दपुरी प्रा.वि | ६३,१२२ |
| | जम्मा रकम | २४७५१२ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,१६१.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०९,७८४.२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४६,२६१.९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१८७,०४४.८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४७,५१४.६९ |

४३ **भ्रमण आदेश :**

भ्रमण खर्च नियमावली,२०६४ अनुसार भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीको भ्रमण आदेश कार्यालय प्रमुखबाट स्वीकृत गरेर मात्र खटिने व्यवस्था छ।पालिकाले प्राविधिक सहायक दिपक सिंह धामी २०८१।०३।१६ देखी २०८१।०३।१८, २०८१।०२।२० देखी २०८१।०२।२६ मा देव घाँटबाट आबुखैरेनी गाँउपालिकामा कामकाज गर्न आएकोमा स्वीकृत भ्रमण आदेश संलग्न नराखी भुक्तानी भएको रु.१२००० भ्रमण आदेश स्वीकृत गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,००० |

४४ **बढी भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ र भ्रमण खर्च नियमावली २०६४ तथा प्रचलित अन्य ऐन नियममा सरकारी खर्चको निश्चित मापदण्ड नतोकिएको अवस्थामा अर्थ मन्त्रालयद्धारा निर्धारण गरेको मापदण्ड बमोजिम खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ ।अर्थ मन्त्रालयद्धारा निर्धारण गरेको कार्यसंचालन निर्देशिका २०७७ को दफा ७·१·५ मा सावजनिक निकायले सच्चालन गर्ने वैठक भत्ताको मापदण्डमा वैठक संचालन गर्दा विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बाहेक वैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्ति राख्न नपाउने व्यवस्था छ। पालिकाले भौचर नं.३६५/२०८१।०३।०१ बाट बैठकमा आमन्त्रित सदस्य राख्नुको औचित्य पुष्टि नगरी भुक्तानी गरेको असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | नाम | रकम | कर बाहेकको रकम |
|---|---|---|---|
| ३६५/२०८१।०३।०१ | भोजराज रेग्मी | १०५०० | ८९२५ |
| | टिकाराम शर्मा घोरासैनी | १०५०० | ८९२५ |
| | बिनोद अर्याल | १०५०० | ८९२५ |
| | विकास श्रेष्ठ | ९००० | ७६५० |
| | प्रकाश राज पौडेल | ९००० | ७६५० |
| **जम्मा** | | ४९५०० | ४२०७५ |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,०७५ |

४५ **बढी भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ र भ्रमण खर्च नियमावली २०६४ तथा प्रचलित अन्य ऐन नियममा सरकारी खर्चको निश्चित मापदण्ड नतोकिएको अवस्थामा अर्थ मन्त्रालयद्धारा निर्धारण गरेको मापदण्ड बमोजिम खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ ।अर्थ मन्त्रालयद्धारा निर्धारण गरेको कार्यसंचालन निर्देशिका २०७७ को दफा ७·१·५ मा सावजनिक निकायले सच्चालन गर्ने वैठक भत्ताको मापदण्डमा वैठक संचालन गर्दा विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बाहेक वैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्ति राख्न नपाउने व्यवस्था छ। पालिकाले देहायका भौचरबाट बैठकमा आमन्त्रित सदस्य राख्नुको औचित्य पुष्टि नगरी भुक्तानी गरेको रकम असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | कार्य/विवरण | बैठक मिति | नाम | नपाउने बैठक संख्या | दर | कर बाहेकको जम्मा रकम |
|---|---|---|---|---|---|---|
| | | | डा.डि बि क्षेत्री | ६ | १००० | ५१०० |
| | | | निर्मल राम बि क | २ | १००० | १७०० |
| | | | मुकेश शाह | ५ | १००० | ४२५० |
| | | | नारायण प्रसाद ढकाल | २ | २००० | १७०० |
| | | | गिता राना | २ | २००० | १७०० |
| | | | जिना श्रेष्ठ | ५ | १००० | ४२५० |
| | | | निशेध पोखरेल | १० | १००० | ८५०० |
| | | | विशाल थापा | १० | १००० | ८५०० |
| जम्मा | | | | | | ३५७०० |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,२५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,७०० |

४६ **प्रयोजन नखुलेको खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको नियम ३९(१०) मा जिम्वार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा भौचरहरुको नमुना छनौट गर्दा पालिकाले निम्न भौचरमा प्रयोजन नखुलाई खर्च गरेकोमा उक्त खर्च रकम नियमसंगत नदेखिएको रु.

| **गो भौ नं** | **मिति** | **खर्च शिर्षक** | **भुक्तानी प्राप्तकर्ता** | **रकम रु** |
|---|---|---|---|---|
| ३१० | २०८१/०१/१० | विविध कार्यक्रम खर्च | वडा सदस्य खड्क राज थापा | ३९९०० |
| ३५२ | २०८१/०१/१८ | विविध कार्यक्रम खर्च | रोयल ब्रदर होटल | २६६३० |
| ३६१ | २०८१/०१/३१ | विविध कार्यक्रम खर्च | वर पिपल रेष्टुरेण्ट | २१९१० |
| ५३२ | २०८०।०३।१८ | विविध कार्यक्रम खर्च | - | ४५३६५ |
| **जम्मा** | | | | **१३३८०५** |

| | |
|---|---|
| अनियमित भएको | १,३३,८०५ |

४७ **अनुगमन तथा बैठक भत्ता :**

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा अनुगमन वापत भत्ता दिने गरेको देखिन्छ र त्यसवाहेक अनुगमनको नाममा अन्य सुविधा दिएको छैन भने कर्मचारीलाइ अनुगमन गरेको भनि भत्ता दिने कानुन व्यवस्था समेत रहेको पाइदैन। साथै नेपालको संविधानले वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख गरेको छ । तर पालिकाले आफैले एक अनुगमन समिती गठन गरी अनुगमन मुल्यांकन समितिको वैठक वसेको भनि जनप्रतिनिधि र कर्मचारीलाई विभिन्न ३३ वटा भौचर नं. लगायतको भौचरबाट रु.१५००००० भत्ता भुक्तानी गरेको छ ।अनुगमन सम्वन्धमा अन्य कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएको र कर्मचारीको हकमा समेत यस प्रकारको भत्ता पाउने कुनै कानूनी आधार नभएकोमा वितरण भएको भत्ता रकम नियमसम्वत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,००,००० |

४८ **अनुगमन तथा भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु.२०४९४९४।- खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

४९ **फरक शिर्षक :**

नेपाल सरकार एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ तथा अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ मा उल्लेख गरेको आधार लिइ तोकिएको खर्च संकेत भित्रको बजेट तोकिएको प्रयोजनमा खर्च गर्नु पर्दछ । यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा सम्बन्धित बजेट शिर्षकमा बजेट विनियोजन भएमा मात्र खर्च गर्ने व्यवस्था छ। पालिकाले निम्न खर्च स्वीकृत खर्च शीर्षक भन्दा फरक पारी गरेको खर्च अनियमित देखिएको रकम रु.

| **गो.भौ. नं.** | **मिति** | **खर्च लेखिएको शिर्षक** | **छुट्टाइएको खर्च शिर्षक** | **रकम रु** |
|---|---|---|---|---|
| ५० | २०८०/०७/०१ | विविध खर्च कार्यक्रम | सामुदायिक कुकुरमा बन्ध्याकरण तथा रेविज खोप कार्य्रक्रम | ४६०९६ |
| २५२ | २०८०/१२/२८ | कार्यक्रम खर्च | अस्पताल समुद्घाटन | ५७९६७९ |
| ३१५ | २०८१/०१/१० | करार सेवा शुल्क | सूचना प्रकाशन खर्च | ४५२००० |
| **जम्मा** | | | | **१०७७७७५** |

| अनियमित भएको | १०,७७,७७५ |
|---|---|

५० **बैठक भत्ता :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ र १० मा रित प्रकृया तथा यथेष्ट प्रमाण कागजात पेश भएपछि भुक्तानी दिई लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्न भौचर नं/मितिबाट उपस्थिति बेगर देहायका पदाधिकारी/कर्मचारीलाई बैठक भत्ता भुक्तानी भएको रु.५९५० सम्बन्धितबाट असुल गरि संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | कर्मचारी/पदाधिकारीको नाम | पद | बैठक संख्या | उपस्थित बैठक संख्या | बढी | दर | कर बाहेकको भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| | श्री विनोद अर्याल | लेखा अधिकृत | ७ | ० | ७ | १००० | ५९५० |
| जम्मा | | | | | | | ५९५० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९५० |

५१ **पारिश्रमिक कर :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४६७,५३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५२ **स्वकिय सचिव :**

गण्डकी प्रदेशले जारी गरेको गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिको सदस्यले पाउने सुविधा सम्बन्धि ऐन, २०७६ मा गाउपालिका अध्यक्षले आन्तरीक स्रोतवाट खर्च गर्नुपर्ने भएकोमा सो नगरि पालिकाले संघीय राजश्व वाडफाडवाट मनोज वास्तोलालाई सहायक चौथोको रुपमा नियुक्त गरि वार्षिक रु.४३७७२६ खर्च गरेको देखिन्छ।

५३ **कर कट्टी :** (४७८-२०८१-३-१३):

आयकर ऐन २०५८ को दफा ८८ अनुसार तोकेको दरमा अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था छ।पालिकाले व्यवसायिक तथा सिप विकास तालिम केन्द्र पोखरामा सिप विकास तालिम पल्मबिङ (३९० घण्टे) निम्नानुसार व्यक्तिहरुलाई रु.३०३००० खाजा भत्ता वापत नगदी भुक्तानी गरेकोमा सम्बन्धितबाट नियम अनुसार लाग्ने १५ प्रतिशत कर कट्टा गरी असुल गरी दाखिला गर्नुपर्ने रु.

| सि.नं. | भुक्तानी पाउने | रकम | कर बाहेकको रु. |
|---|---|---|---|
| १ | केश कुमार गुरुङ | १५६०० | १३२६० |
| २ | दिपाल मगर | १५६०० | १३२६० |
| ३ | गोपी गुरुङ | १५६०० | १३२६० |
| ४ | अमर गुरुङ | १५२०० | १२९२० |
| ५ | पुजन रेग्मी | १५६०० | १३२६० |
| ६ | दिपेक पाण्डे | १५४०० | १३०९० |
| ७ | शुसन चितौरे मगर | १५६०० | १३२६० |
| ८ | सुजन गुरुङ | १५००० | १२७५० |
| ९ | सुरेन्द्र चुमाङ | १०४०० | ८८४० |
| १० | समु सर्कि | १५४०० | १३०९० |
| ११ | सोमराज थापा | १५००० | १२७५० |
| १२ | सचिन आले | १५२०० | १२९२० |
| १३ | चन्द्र आले | १५६०० | १३२६० |
| १४ | सुजन थापा | १५६०० | १३२६० |
| १५ | नारायण पाण्डे | १५६०० | १३२६० |
| १६ | बुद्ध आछमी | १५६०० | १३२६० |
| १७ | अमर ब.अस्लामी | १५२०० | १२९२० |
| १८ | मदन आले मगर | १५४०० | १३०९० |
| १९ | लक्ष्मण गुरुङ | १५००० | १२७५० |
| २० | बल ब.मगर | १५४०० | १३०९० |
| **जम्मा** | | **३०३०००** | **२५७५५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५७,५५० |

५४ **गत वर्षको भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न भौचर नं.बाट गत वर्षको चालु प्रकृतिको भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगरी यस वर्ष भुक्तानी गरेकोले गत वर्षको चालु प्रकृतिको भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी नियमित गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | खर्च शिर्षक | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २१२/२०८०।१०।२३ | गत वर्ष भुक्तानि दिन बाँकी कच्चावारी | आर आर पि बिजुली पसल | ३९५३१ |
| २१४/२०८०।१०।२३ | गत वर्ष भुक्तानि दिन बाँकी कच्चावारी | एस जि रोडा ढुङ्गा उद्योग | ४०५०० |
| २१४/२०८०।१०।२३ | गत वर्ष भुक्तानि दिन बाँकी कच्चावारी | छिम्केश्वरी निर्माण सेवा | ३८६३४ |
| २२१/२०८०।१०२३ | गत वर्ष भुक्तानि दिन बाँकी कच्चावारी | मिलन सप्लार्यस | ३३११५ |
| **जम्मा** | | | **१५१७८०** |

| अनियमित भएको | १,५१,७८० |
|---|---|

५५ **लग बुक :** (३०४-२०८१-१-१०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने वेयवस्था छ।पालिकाले गाडी नं.ग १ झ ३६१, एम्बुलेन्स लगायतको सवारी साधनमा इन्धन वापत रु.३००९७३ खर्च लेखेकोमा उक्त सवारी साधनको नियम अनुसार गाडी चढने पदाधिकारीको दस्तखत र कार्यालय प्रमुखबाट प्रमाणित गरिएको नदेखिएकोले रितपुर्वकको लगबुकको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३,००,९७३ |
|---|---|

५६ **वितरणमुखि खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले चालु खर्च मितव्ययि र पूँजीगत खर्च नतिजामूलक तथा प्रतिफल देखिने गरि खर्च गर्नुपर्दछ । लेखापरिक्षणको क्रममा नमुना छनौट गर्दा निम्नानुसारका गो भौ नं र मितिबाट वितरणमुखि कार्यमा खर्च गरेको देखियो । यसरी वितरणमुखि एवं प्रतिफल प्राप्त नहुने कार्यमा भएको खर्चलाई नियन्त्रण गर्नुपर्दछ । केही उदहारण :

| गो भौ नं मिति | विवरण | संस्थाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| २६८/२०८१।०१।०१ | कपडा वितरण | पार्वती दर्लामी लगायत ५ जना | १०५०० | |
| ५२२/२०८१।०३।१८ | खाना/खाजा | भैरव दल गण | ५९०० | |
| ५१७/२०८१।०३।१७ | जन्मउत्सव कार्यक्रम खर्च | बौद्ध सदन | १५०००० | |
| २८७/२०८१।०१।०७ | प्रसंम किराना पसल | मिना मगर समेत ३ जना | ४९९८० | खाधान्न सहयोग |
| ५१५/२०८१।०३।१७ | रमेश किराना पसल | स्यानानी बुढा प्रिति | १८७७० | खाधान्न सहयोग |
| ४८८/२०८१।०३।१४ | प्रसंम किराना पसल | सुर्य बहादुर बि क | १७५७० | खाधान्न सहयोग |
| १३१/२०८०।०९।२० | मौला पर्व व्यवस्थापन | विष्णु खत्री | २५००० | |

५७ **कार्यसम्पादन मूल्यांकन बैठक भत्ता :**

गाँउपालिकामा कार्यरत कर्मचारीहरुको आ.व. २०७९।०८० को कार्यसम्पादन मूल्याँकन फाराम मूल्याङ्कन गर्नको लागि पुनरावलोकन समितिको विभिन्न मितिमा बसेको बैठकको पदाधिकारीलाई भत्ता भुक्तानी गरेकोमा कार्यसम्पादन मूल्यांकन फाराम भर्ने, मूल्यांकन गर्ने कार्य कर्मचारीको दैनिक, नियमित र प्रशासनिक कार्य भित्र नै पर्ने भएकोले सो को लागि बैठक भत्ता खर्च लेख्ने कानूनी आधार नदेखिएकोले आधार प्रमाण भए पेश गर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | नाम | पद | दिन | भुक्तानी दर | रकम | कर बाहेक असुल गर्नु पर्ने रु. |
|---|---|---|---|---|---|---|
| | नारायण प्र.ढकाल | प्रशासन अधिकृत | ४ | १००० | ४००० | ३४०० |
| जम्मा | | | | | | ३४०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ३,४०० |
|---|---|

५८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३६ जना पदपूर्ती भएको तथा २१ जना पदपुर्ति रिक्त रहेको देखिन्छ ।कर्मचारी पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशिघ्र पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

५९ **अस्पताल तर्फ :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५९ बमोजिम राजस्वको आम्दानीको गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अध्यावधिक गर्नुपर्ने तथा महालेखा परिक्षकको कार्यालयले तोकेको ढाँचामा अभिलेख प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ।अस्पताल संचालक समितिले आर्थिक वर्ष २०८०।०८१ को प्रथम ९ महिना (पौष) सम्मको लागि मेनुवल आधारमा फार्मेसि तर्फको गत वर्षको रसिद नं.१ देखि १३५६ सम्म र यस वर्ष रसिद नं.१३५७ देखि रसिद नं.११७५३ सम्म विक्री रसिद प्रयोग गरेको र गत वर्ष फिर्ता रसिद नं.१ देखि १०१ सम्म र यस वर्ष रसिद नं.१०२ देखि रसिद नं.८७६ सम्म प्रयोग गरेको र विक्री वापत प्राप्त रकमबाट फिर्ता रकम घटाई बाँकी गत वर्षको रु.३५८३७५ र यस वर्षको रु.१८८७२२० गरी जम्मा रु.२२४५५९५ असुली तथा दाखिला गरेको अस्पतालबाट उपलब्ध भएको विवरणबाट देखिन्छ। अस्पतालले रसिद नियन्त्रण खाता नराखेको कारणबाट उक्त उपलब्ध गराएको विवरण यथार्थ मान्न सकिएन।अत:विक्री तथा फिर्ता रसिद बाट प्राप्त अंकको दैनिक राजस्व दाखिला किताब खाडा गरी राजस्व रकम यकिन गर्नुपर्ने रु.

| अनियमित भएको | २२,४५,५९५ |
|---|---|

६० **कर कट्टी :**

आयकर ऐन २०५८ ले पुरस्कार जस्ता आकस्मीक लाभका भुक्तानीमा २५ प्रतिशतले कर कट्टी गर्नुपर्ने र पारिश्रमिक भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको भौचर नं/मितिबाट कर कट्टी नगरी भुक्तानी गरेकोले उक्त कर कट्टी वापतको रकम रु.१३६७५ असुल गरी संचित कोषमा मा दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | कार्य/विवरण | रकम | करको दर | दाखिला गर्नु पर्ने रकम |
|---|---|---|---|---|
| २९४/२०८१।०१।०९ | तिज गित प्रतियोगिता(अकला बरादी आमा समुह) | ११००० | २५ प्रतिशत | २७५० |
| | तिज गित प्रतियोगिता(कलाकार पारिश्रमिक) | १२००० | १५ प्रतिशत | १८०० |
| ५७५/२०८१।०३।२३ | बाजा बजाउनेको पारिश्रमिक | ३०००० | १५ प्रतिशत | ४५०० |
| ५७५/२०८१।०३।२३ | लोक गित प्रतियोगिताको पुरस्कार | १८५०० | २५ प्रतिशत | ४६२५ |
| **जम्मा** | | | | **१३६७५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६७५ |

६१ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलवन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासिंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले यो वर्ष देहाय बमोजिम कुर्सी, टेवुल, सोफा लगायतका फर्निचर र कम्प्युटर, प्रिण्टर लगायतका मेशिनरी औजार खरिद गर्दा नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम पटक पटक सोझै खरिद गरेको देखियो साथै नियमावली बिपरित एउटै बिक्रेताबाट सोझै एक पटक भन्दा बढी पटक समेत खरिद गरेको छ । वार्षिक खरिद योजना बनाई स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन।अत:कानूनमा भएको व्यवस्थाको पाल्ना गर्नुपर्दछ । केही उदहारण :

| गो.भौ.नं/मिति | फर्मको नाम | सामाग्री | रकम |
|---|---|---|---|
| २६६/२०८१।०१।०१ | अनु श्री सप्लार्यस | कार्यालय सामान तथा मसलन्द | ८४६६५ |
| २४०/२०८१।०१।०१ | अडियो सप नेपाल | स्पिकर लगायतको सामाग्री | ३०७३६० |
| ५५९/२०८१।०३।२१ | अनु श्री सप्लायर्स | कार्यालय सामान तथा मसलन्द | २६७०४२ |
| ५२३/२०८१।०३।१८ | अस्मिता ट्रेड कन्सर्न | कार्यालय सामान तथा मसलन्द | ९७७३६ |
| | गण्डकी ट्रेड हाउस एण्ड सप्लायर्स | कार्यालय सामान तथा मसलन्द | १५२०८५ |

६२ **पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन :** (५२-२०८०-७-१३):

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व ऐन २०७६ को दफा २४(२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ। पालिकाले एम.आर.एड्भरटाइजिङ्ग एजेन्सी प्रा लि लाई पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन वापत रु.१७२०४२ भुक्तानी गरेको देखियो। अत: पालिकाले यस्ता खर्चमा नियन्त्रण गरी राजस्व रकमको सदुपयोग तर्फ ध्यान दिनुपर्दछ ।

६३ **नर्म्स भन्दा बढी दरमा भुक्तानी :**

प्रदेश खर्च मापदण्ड २०७९ को अनुसुचि १ मा सबै प्रकारको तालिम, गोष्ठि, सेमिनार, कार्यशाला संचालन गर्दा प्रति व्यक्ति खाजा वापत रु.२०० र खाना वापत रु.४०० खर्च लेख्नुपर्ने व्यस्था छ। पालिकाले भौचर नं.५६३/२०८१।०३।२१ बाट सभा संचालन गर्दा निम्नानुसार नर्म्स भन्दा बढी भुक्तानी भएको रु.६८३०० नियम सम्मत नदेखिएको रु.

| भुक्तानी पाउने | सेट | खाना/खाजा(नम्स अनुसार दर) | बिल अनुसार दर रु. | बढी | कैफियत |
|---|---|---|---|---|---|
| रोयल्स होम रिसोर्ट प्रा लि | ४० खाना | ४०० | ७५० | १४००० | बिल मिति २०८१।३।१९ |
| | ७० खाजा | २०० | ५०० | २१००० | |
| रोयल्स होम रिसोर्ट प्रा लि | ३९ खाना | ४०० | ७५० | १३६५० | |
| | ४६ खाजा | २०० | ५०० | १३८०० | बिल मिति २०८१।३।१६ |
| रोयल्स होम रिसोर्ट प्रा लि | १८ खाना | ४०० | ५०० | १८०० | बिल मिति २०८१।३।२१ |
| | २७ खाजा | २०० | ३५० | ४०५० | बिल मिति २०८१।३।२१ |
| **जम्मा** | | | | **६८३००** | |

| अनियमित भएको | ६८,३०० |
|---|---|

६४ **लघु उद्यम विकास कार्यक्रम :**

गरिवी निवारणको लागि लद्यु उद्यम कार्यक्रम मेडमा को दफा ४० मा प्रविधि हस्तान्तरण गर्दा सहजकर्ताको सिफारिसमा उद्यमको प्रकृति हेरी व्यवसायिक योजना अनुसार लक्षित वर्गलाई मध्यनजर गरी शाखाले लद्यु उद्यमीलाई प्रविधि हस्तान्तरण गर्न व्यवस्था गरेको छ ।आर्थिक वर्ष २०८०।८१ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा नयाँ लघु उद्यमी सृजना गर्ने लक्ष्य सहित रु ९२०००० बजेट विनियोजन मध्ये रु ९१३००० खर्च गरेको पाइयो। ।पालिकाले लद्यु उद्यम कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण गर्दा विगतमा सीप विकास तालिम प्राप्त गरेको, लद्यु उद्यम संचालन गरिरहेको जस्ता पक्षलाई विचार गरी प्रोफाइल तयार गरी लघु उद्यम सहजकर्ताको सिफारिसको आधारमा लक्षित वर्गलाई प्रविधि हस्तान्तरण गर्नुपर्नेमा पालिकाले सो गरेको पाइएन ।कार्यविधिको व्यवस्था पालना गर्न तर्फ ध्यान दिनुपर्दछ ।

६५ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले गाउँपालिका चालु र संघिय सशर्त अनुदान शिर्षकबाट देहायका फर्मसँग रु ३७८१४९९ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| गो भौ नं र मिति | सप्लायर्स | रकम |
|---|---|---|
| ११।०८०।०९।०१ | क्यानडेला मेडि कन्सर्न | ९८४०९६ |
| १३१।०८१।०३।१६ | योमन मेडिसेल्स | ८२४१९५ |
| १८।०८१।०१।१३ | केवलेश्वर मेडिसेल्स | १६४५०३ |
| २९।०८१।०३।०६ | धुव्रतारा मेडिलिङ्क | ८३०००० |
| २०।०८१।०१।१३ | लोयल टेर्डस | ८९०७६५ |
| २२।०८१।०१।१६ | स्टार मेडिको फर्मा | ८७९४० |
| **जम्मा रकम** | | **३७८१४९९** |

६६ **संघीय र स्थानीय कार्यक्रममा दोहोरोपना :**

:संघीय सरकाले स्वास्थ्यतर्फको सशर्त कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको यातायात तथा प्रोत्साहनका लागि आर्थिक वर्ष २०८०।८१ मा प्रति महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई जनही रु १२००० का दरले यातायात भत्ता प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत बजेट निकासा गरेकोमा पालिकाले समेत सोहि कार्यक्रमको लागि गो भौ नं ४८९।०८१।०३।१६ वाट प्रति स्वयंमसेविका बार्षिक १२००० को दरले २७ जनालाई रु ३२४००० यातायात भत्ता भुक्तानी गरेको छ। यसरी स्थानीय तहले समेत एउटै र एकै लक्ष्य बोकेका कार्यक्रममा बजेट विनियोजन नगरि संघीय सरकारले ल्याएका कार्यक्रमसँग नजुध्ने गरी समन्वयात्मक ढंगले कार्य अगाडी नबढाई पालिकाले दोहोरो खर्च गर्दा बढी व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ३,२४,००० |

६७ **पालिका अन्तर्गतको आँबुखैरेनी अस्पतालतर्फ देखिएका व्यहोराहरु**

६७.१ पालिका अन्तर्गत रहेको आँबुखैरेनी अस्पतालको आय व्यय तथा बैक मौज्दातको विवरण निम्न रहेको छ ।

| **आम्दानी** | **रकम** | **खर्च** | **रकम** |
|---|---|---|---|
| गत आवको मौज्दात | ७७०१५१ | कर्मचारी प्रोत्साहन तथा अतिरिक्त सेवा भत्ता | १७५९९३६ |
| दर्ता तथा काउन्टर आय | ८४३३२५९.६० | दैनिक भ्रमण भत्ता तथा ढुवानी | ४७४०० |
| फार्मेसी आय | ३४७८९७९.५९ | पेश्की बाँकी | १००००० |
| बिमा सोधभर्ना बापतको प्राप्त आय | १११५३५५ | बैकिङ चार्ज | ११३२.६९ |
| आमा सुरक्षा कार्यक्रम बापतको सोधभर्ना रकम | ३५७२०० | कार्यक्रम खर्च, सामग्री खरिद तथा मर्मत संभार | ५६४१०८८ |
| स्वास्थ्य चौकिको टान्सफर रकम | ५३७९२३.४८ | | |
| बैक ब्याज | ८१७.९३ | | |
| **जम्मा आम्दानी** | **१४६९३६८६.६** | **जम्मा खर्च** | **७५४९५५७** |
| **श्रेस्ता अनुसार मौज्दात रकम** | | ७१४४१२९.६ | |
| **बैक स्टेटमेन्ट अनुसार मौज्दात** | | ६३०६९१६ | |
| **फरक हिसाब** | | ८३७२१३.६ | |

६७.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **७५८,०७४.९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६७.३ **स्वास्थ्य विमा रकम सोधभर्ना नलिएको :** स्वास्थ्य बिमा बापत स्वास्थ्य सेवा प्राप्त गर्ने लाभग्राहीको स्वास्थ्य बिमा कार्यक्रमले उपलब्ध गराउने सिमा भित्र रही सहुलियत दिई उक्त सेवा बापतको रकम स्वास्थ्य बिमा बोर्डबाट अस्पतालले प्राप्त गर्नुपर्दछ।अस्पतालले आ ब २०८०।८१ मा स्वास्थ्य बिमा अन्तर्गत अस्पतालको दररेट अनुसार ४७६२१८३.७७ को सेवा दिएको मध्ये नेपाल सरकार स्वास्थ्य बीमा बोर्डको दररेट अनुसार रु ४५४६८८९ माग दाबीगरेकोमा उक्त रकम मध्ये २०८० पौष मसान्तसम्मको रु१३१२४९१ बीमा बोर्डबाट स्वीकृत भएको छ। स्वीकृत रकममध्ये रु १११५३५५ बीमा बोर्डबाट अस्पतालको आन्तरिक खातामा सोधभर्ना भएको र रु १९७१३६ सोधभर्ना हुन बाँकि रहेको देखिएकोले अस्पतालले सोधभर्ना लिनुपर्ने रु

| प्रमाण पेश नगरेको | १,९७,१३६ |
|---|---|

६८ **वडास्तरीय अनुगमन खर्चः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१४,९२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६९ **कृषि तथा पशु तर्फको अनुदान :**

सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन।

| कृषितर्फको अनुदान | | | | |
|---|---|---|---|---|
| गो.भौ.नं./मिति | कार्यक्रमको नाम | वितरण गरेको समुह तथा संस्था | अनुदान प्रतिशत | अनुदान रकम |
| १३,१४,१८,१९,२०), बिबिध चालु (८,१०,११), | मागमा आधारित कृषि अनुदान | थामचुलि मौरीपालक कृषक समुह ( तालिम ) | ७५ | ८९१२७९ |
| | | खोलागाउँ कृषक समुह( तरकारी विउ) | | |
| | | सुनारी तरकारी फार्म( टनेल प्लाष्टिक ) | | |
| | | श्रेष्ठ कृषि फर्म( च्याउ खेति) | | |
| | | केउरेनी कृषक समुह( कम्बाइन्ड मिल ) | | |
| | | एञ्जल कृषि फर्म(मिनि ट्रिलर) | | |
| | | ढकालटार घोक्रिङ सामुदायिक वन उ.स( एभोकार्डो खेति ) | | |
| | | मिलिजुलि कृषि उ.स.सं( धानको विउ ) | | |
| | | ऋतु एकिकृत कृषि तथा पशु फर्म (सिंचाई ) | | |
| | | खस्राङ गाउँ कृषक समूह ( हाते ट्रयाक्टर ) | | |
| | | धन कृषि तथा पशु फर्म ( सिंचाई ), बम कृषि तथा पशु फर्म ( सिंचाई ), | | |
| कृ पु (१४,२०) | विउ उत्पादन संरक्षण खरिद तथा वितरण | थामचुलि मौरीपालक कृषक समुह, खोलागाउँ कृषक समुह, खस्राङ गाउँ कृषक समुह, छिम्केश्वरी कृषक समुह | ८५ | २९०८४२ |
| कृ पु १६ | पुष्प नर्सरी निर्माण तथा खेती | याञ्चोक आमा समुह, आँधिमुल आमा समुह | १०० | १६३१९० |
| श चालु ८९, ०३-०६ | तरकारी बाली पकेटको निरन्तरता कार्यक्रम | बरादी ताजा तरकारी कृषक समुह | ५० | ३३६२६४ |
| | जम्मा रकम | | | १६८१५७५ |

**पशु अनुदान**

| गो.भौ.नं./मिति | कार्यक्रमको नाम | वितरण गरेको समुह तथा संस्था | अनुदान प्रतिशत | अनुदान रकम |
|---|---|---|---|---|
| कृषि चालु १०,२०/०१-३० | मत्स्य व्यवसाय प्रबर्धन कार्यक्रम | थापा मत्स्य पालन फर्म | ७५ | ५१२८६७ |
| कृषि चालु २,८,१३ | उत्पादनमा आधारित प्रति इकाई अनुदान | बरादी,आधिमुल दुध उत्पादनसहकारी संस्था | प्रति लिटर रु.३ का दरले | १२५५९३५ |
| श ६ , ३-१२,१३ | बाख्रा पकेट निरन्तरता कार्यक्रम | थानीमाई कृषक समुह | ८५ र ५० लागत साझेदारी | ७१५६६३ |
| श १२२, ३-१२ | हरियो घाँस बिस्तार कार्यक्रम | सम्पूर्ण वडाका कृषकहरु | प्रति रोपनी लागत अनुमानको ५० | ६२५००० |
| कृ.पु.२८ | पशु बिमा कार्यक्रम | वडा नं ५ र ६ का कृषकहरु | | १७४१८० |
| **जम्मा रकम २६३९६४५** | | | | |

७० **पुष्प नर्सरि खेति**

पुष्प नर्सरी निर्माण तथा खेति कार्यविधि २०८० को दफा ७ बमोजिम पुष्प खेतिमा अनुदान दिँदा पालिकाले गो भौ नं १६।०८१।०३।१४ बाट विभिन्न महिला समूहलाई शतप्रतिशत अनुदानमा वेर्ना वितरण गरेको देखिन्छ । यसरी कार्यविधि तर्जुमा गर्दा लाभग्राहीको सहभागिता शुन्य हुने गरि निर्माण भएकोले वितरण गरेको अनुदान रकमको लाभग्राहीबाट स्वामित्वबोध नहुने हुनाले प्रतिफलको सुनिश्चतता हुने देखिदैन ।पालिकाले कार्यविधि तर्जुमा गर्दा लाभग्राहीको लागत सहभागिता सुनिश्चित गरि अनुदान वितरण कार्यमा प्रभावकारिता कायम गर्नुपर्दछ ।

७१ **पारिश्रमिक कर :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७२ **नापि भन्दा बढी भुक्तानी :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार कार्यालयले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गर्ने र नियम १२३ अनुसार वास्तविक कार्यसम्पादनको आधारमा नापी किताब अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ३९।०८०।०६।३० मा भाँगे खानेपानी आयोजनाको निर्माणको लागि भाँगे खानेपानि निर्माण उपभोक्ता समितिलाई रकम भुक्तानि गर्दा नापी किताब बमोजिम उपभोक्ताको लगत कट्टा गरि जम्मा २६१६२१ भुक्तानी हुनुपर्नेमा रु २८३०५६ भुक्तानी भएकोले सम्बन्धित निर्माण व्यवसायीलाइ बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | २१,४३५ |
|---|---|

७३ **सार्वजनिक लेखासमितिको बैठक:**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गोश्चारा भौचर नं १३२।०८०।०९।२० मा सार्वजनिक लेखा समितिको १० वटा वैठक भत्ता वापतको रकम भुक्तानी गरेकोमा वैठकको निर्णय पेश नभएको रु

| प्रमाण पेश नगरेको | ४७,००० |
|---|---|

७४ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च –**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ५२७५०४ भुक्तानी दिएकोले नियमसंगत देखिदैन ।

| **क्र सं** | **शिर्षक** | **खर्च विवरण** | **रकम** |
|---|---|---|---|
| १४।०८१।०३।१४ | गाउँपालिका कृषि पूजीगत | विभिन्न कृषक समुहलाई मकै विउ वितरण | ५२९२८ |
| १६।०८१।०३।१४ | | सयपत्री विउ वेर्ना, विषादी वितरण | १६३१९० |
| १२।०८१।०३।१४ | | कृषक समूहलाई विषादी वितरण | ९७२३ |
| २०।०८१।०३।२११ | | कृषक समुहलाई तालिम विउ वेना विषादी वितरण | १५००७४ |
| ०५।०८१।०३।०६ | गाउँपालिका स्वास्थ्य पुजिगत | औषधि खरिद | १५१५८९ |
| | जम्मा रकम | | ५२७५०४ |

७५ **दिवा खाजा :**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष पालिकाले विद्यालयलाई दिवा खाजा वापत विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा संघिय शशर्त र पालिकाबाट गरी रु ५६२८४३५ उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

७६ **शिक्षक दरवन्दी र पदपूर्ति :-**

**:-**स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ती मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | विश्वेश्वर प्रा.वि. | २ | २ | १ | २१ |
| २ | सिध्द जनएकता प्रा.वि. | १ | १ | | ८ |
| ३ | छिम्केश्वरी प्रा.वि. | १ | १ | | ९ |
| ४ | शहिदं लालध्वज प्रा.वि | ० | ० | | ८ |
| ५ | इच्छाकामना प्रा.वि | १ | १ | | १२ |
| ६ | आनन्दपुरी प्रा.वि | १ | १ | | ८ |
| ७ | रुद्रदेवी प्रा.वि | ० | ० | | १२ |
| ८ | सात कन्या प्रा.वि | २ | २ | | ३० |
| ९ | कामधेनु प्रा.वि | १ | १ | | १९ |
| १० | सुर्यौदय आ.वि. | ३ | ३ | | ७३ |
| ११ | धर्मोदय प्रा.वि | १ | १ | | २१ |
| १२ | बिकास ज्योति प्रा.वि | २ | २ | | २० |
| १३ | अरूणोदय प्रा.वि | २ | २ | १ | २४ |
| १४ | पञ्चकन्या प्रा.वि | २ | २ | | २६ |
| १५ | जलदेवी प्रा.वि | २ | २ | १ | ३३ |
| १६ | अन्नपूर्ण प्रा.वि | ५ | ५ | १ | ११६ |
| १७ | जम्मादेवी प्रा.वि | २ | २ | | ३१ |
| १८ | आँबु प्रा.वि | ४ | ४ | | ३५ |
| १९ | सयपत्री प्रा.वि | १ | १ | | ३० |
| २० | चण्डीदेवी आ.वि. | ५ | ५ | १ | ८४ |
| २१ | मस्याङ्गदी सा.आ.वि. | ५ | ५ | १ | ७९ |
| २२ | चण्डेश्वरी आ.वि. | ४ | ४ | | ८४ |
| २३ | अकला आ.वि. | ७ | ७ | २ | १४४ |
| २४ | इन्द्रदेवी आ.वि. | ५ | ५ | | ४४ |
| २५ | चन्द्रोदय मा.वि | ६ | ६ | | ९८ |
| २६ | छिम्केश्वरी मा.वि. | १२ | १२ | १ | १८३ |
| २७ | लक्ष्मी मा.वि. | १० | १० | | १८८ |
| २८ | कन्यादेवी मा.वि. | १० | १० | २ | १२५ |
| २९ | मित्रता मा.वि. | २० | २० | १ | ७५३ |
| ३० | राम शाह मा.वि. | ४२ | ४२ | १ | १८०५ |

७७ **ईन्टरनेट जडान अनुदान:**

कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरणका लागी शैक्षिक कार्यक्रम अर्न्तगत विद्यालयमा ईन्टरनेट सेवा विस्तारका लागि स्थानिय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि प्रति विद्यालय रु १२ हजार उपलब्ध गराउने र उक्त रकम ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने खर्च गर्ने उल्लेख छ । पालिकाले गो भौ नं ७२। ०८१।०२।१६ बाट पालिकाको देहाएको विभिन्न विद्यालयमा इन्टरनेट जडान वापतको रकम भुक्तानी गरेकोमा जडान भएको प्रमाण पेश नभएकोले ईन्टरनेट जडान भए नभएको एकिन गर्न नसकिएको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा इन्टरनेट जडान नभएको विद्यालयमा निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असूल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु

| विद्यालयको नाम | रकम |
|---|---|
| पन्चकन्या प्रावि | १२००० |
| मस्याङ्दी सामुदायिक आवि | १२००० |
| जम्मा रकम | २४००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,००० |

७८ **विद्यालयको शौक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शौक्षिक गुणास्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने र उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक,सन्दर्भ सामाग्री तथा लाइब्रेरी, विज्ञान प्रयोगशाला शिक्षण सिकाईका लागि ICT ल्याब को लागि खर्च गर्ने सकिने व्यवस्था रहेको छ। विद्यालयले उक्त सामाग्रि खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामाग्री खरिद गर्ने तथा पालिकाले उक्त कार्यको अनुगमन गरी अनुदान रकमको समुचित प्रयोग भएको प्रमाणसहितको अनुगमन मुल्यांकन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था समेत रहेको छ । पालिकाले गो भौ नं १४६।०८१।०३।१८ मा अकला आविलाई ICT ल्याब स्थापनाको लागि रु ६ लाख ५० हजार अनुदान दिएकोमा अनुगमन प्रतिवेदन पेश नभएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

७९ **विद्यालय लेखापरीक्षण अनुदानः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था छ र सोहीबमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा यस वर्ष पालिकाले गो भौ नं ४५।०८१।०१।०२ मा विभिन्न विद्यालयको सामाजिक तथा आर्थिक लेखापरिक्षण बापत रु ३३००००।-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु

| विद्यालयको नाम | रकम |
|---|---|
| विशेश्वर प्रावि | १०००० |
| सिद्ध जनएकता प्रावि | १०००० |
| छिम्केश्वरी प्रावि | १०००० |
| शहिद लालध्वज प्रावि | १०००० |
| इच्छाकामना प्रावि | १०००० |
| आनन्दपुरी प्रावि | १०००० |
| रुद्रदेवी प्रावि | १०००० |
| सातकन्या प्रावि | १०००० |
| कामधेनु प्रावि | १०००० |
| सुर्योदय आवि | १०००० |
| धर्मोदय प्रावि | १०००० |
| विकास ज्योति प्रावि | १०००० |
| अरुणोदय प्रावि | १०००० |
| पन्चकन्या प्रावि | १०००० |
| जलदेवि प्रावि | १०००० |
| अन्नपुर्ण प्रावि | १०००० |
| जम्मादेवि प्रावि | १०००० |
| आँबु प्रावि | १०००० |
| सयपत्री प्रावि | १०००० |
| चण्डिदेवि आवि | १०००० |
| मस्याङ्दी सामुदायिक आवि | १०००० |
| चण्डेश्वरी आवि | १०००० |
| अकला आवि | १०००० |
| इन्द्रदेवि आवि | १०००० |
| चन्द्रोदय मावि | १५००० |
| छिम्केश्वरी मावि | १५००० |
| लक्ष्मि मावि | १५००० |
| कन्यादेवि मावि | १५००० |
| मित्रता मावि | १५००० |
| रामशाह मावि | १५००० |
| | |

| जम्मा रकम | ३३०००० |
|---|---|

| प्रमाण पेश नगरेको | ३,३०,००० |
|---|---|

८० **न्यानो झोला वितरण :**

आर्थिक कार्यविधी तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १० बमोजिम जिम्मेवार व्यक्तिलेसरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विलभर्पाइ र कागजात संलग्न भए वा नभएको तथासंलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्थारहेको छ ।पालिकाले गो भौ नं ५९।०८१।०१।१६ मा रु ८९२.७ मा २०० सेट न्यानो झोला खरिद गरी रु १७८५४० भुक्तानी गरेकोमा ८२ सेट वितरण हुन नभई पालिकाको भण्डारमा बाँकी रहेकोले वितरण गरी सोको भरपाई पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ७३,२०१ |
|---|---|

८१ **सामाजिक सुरक्षा भत्ता :**

सामाजिक रुपमा पछाडि परेका वर्ग,क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु.८,४२,००,६३४ खर्च गरेको छ । यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक,एकल महिला,विधुवा,बालबालिका र अशक्तहरु समेत २१७५ जना लाभान्वित भएको देखिन्छ । नेपाल सरकारले बजेटमा व्यवस्था गरी जेष्ठ नागरिक,विधुवा,अशक्त तथा दलित वर्गला ्इ सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। आ.व.२०८०।०८१ मा गाउँ कार्यपालिकाको केन्द्रिय हिसाबबाट ६ वटै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रथम त्रैमासिकमा रु.२,०५,९२,११५।- दोश्रो त्रैमासिकमा रु.२,०९,८४,६३७।- तेश्रो त्रैमासिकमा रु.२,११,३७,९५३।- र अन्तिम त्रैमासिकमा रु.२,१५,६०,२७४ गरी जम्मा रु.८,४२,००,६३४ निकासा तथा खर्च लेखाङ्कन गरेको छ ।

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य व्यहोराहरु:

• स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका पालिकाका अतिरिक्त सम्बन्धित वडा पालिकामा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तहको पालिकामा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाईं नगरी लाभग्राही सूची अनुसार भत्ता वितरण गरेको छ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २७ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरण व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । अत: कार्यविधिमा उल्लेख भएको बमोजिमको कानूनको पूर्ण रुपमा पाल्ना गर्नुपर्दछ।

८२ **आन्तरिक श्रोत परिचालन तर्फ :**

**नदीजन्य पदार्थ :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणिय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा विक्री वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानिय तहले दोस्रो पक्षसँग ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरि सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेखित निम्नानुसारको दुई नदीको ५ घाटबाट ६५११०.५ घन मिटर उल्खन्न गर्न सक्ने वार्षिक क्षमता उल्लेख गरेको छ :

| क्र.स. | उत्खन्न क्षेत्र | वडा नं. | उत्खन्न योग्य परिमाण (घन मि.) | दैनिक सिफारिस परिमाण (घन मि.) |
|---|---|---|---|---|
| १ | सत्रसय घाट | १ | १०१२३.२ | ३७.४९ |
| २ | बरादी | १ | १५१९० | ५६.२६ |
| ३ | मार्कीचोक घाट | २ | ११०५८ | ४०.९६ |
| ४ | नारीन घाट | २ | ११२५६ | ४१.६९ |
| ५ | कुडुले घाट | ३ | १७४८३.३ | ६४.७५ |
| **जम्मा** | | | **६५११०.५** | **२४१.१५** |

पालिकाले उपरोक्त प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन अनुसार ९४३१३.३ घन मिटर उत्खन्न गर्न सक्ने क्षमता भएकोमा पालिकाले २०८०।०४।३० मा प्रथम पटक सुचना प्रकाशन गरी मस्याङ्गदीको तीन घाट र सेती नदीको तीन घाट (बरादी घाट,कुडुले घाट,नारिन घाट) को मात्र उत्खन्न कार्यको लागि सुचना प्रकाशन गरेको छ। सत्रसय घाट (१०१२३.२ घन मि.) र मार्कीचोक घाटको (११०५८ घन मि.) को लागि सुचनामा उल्लेख नगर्नुको कारण पालिकाले स्पष्ट गर्नुपर्दछ। यसबाट दुई घाटको रु.६७२६८७३ राजस्व गुमेको स्थिति देखिन्छ। यि दुई घाटको अमानतबाट राजस्व परिचालन भए नभएको सम्बन्धमा प्राविधिक पुष्टियाई सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ। पालिकाले मस्याङ्दी नदी तर्फको बारादी घाट (१५१९० घन मि.) , कुडुले घाट (१७४८३.३ घन मि.), नारीन घाट (११२५६ घन मि.), सेती नदी तर्फको तीन वटै घाँटको २९२०२.८३ घन मि. को मात्र २०८०।०४।३० मा सुचान प्रकाशन गरेको देखिन्छ। उक्त सुचना अनुसार ईच्छुक बोलपत्रदाताले आय ठेक्का कबोल गरेको देखिएन।

८३ **नारीन घाँट :**

८३.१ **चाइना कम्निकेशन क्नसट्रक्सन :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले चाइना कम्निकेशन क्नसट्रक्सन कम्पनीको July 30,२०२३ मा आबुखैरेनी जोडने Expanssion प्रजेक्ट को लागि नारीन घाँट र मार्कीचोक घाँटको क्रमश: ११२५६ घन मि. र ११०५८ घन मि. गरी जम्मा २२३१४ घन मि. उत्खन्नको लागि अनुमतिको लागि पत्र पठाएकोमा मिति २०८०।०९।०३ को पत्रबाट उक्त कम्पनीलाई दुई घाँटको २२३१४ घन मि. उत्खन्नको लागि १५ दिन भित्र सम्झौता गर्न बोलाएकोमा मिति २०८०।०९।२६ मा नारीन घाँटको ११२५६ घन मि. को लागि रु.४०९३१११ (मु अ कर सहित) मा मात्र सम्झौता भएको देखिन्छ। उक्त कम्पनीले सम्झौता बमोजिम रु.४०९३१११ दाखिला गरेको पालिकाको राजस्व खातामा रहेको उक्त कार्यको मु अ कर रु.४६४७१८ पालिकाको पान नं.२०१३६९८८१ बाट संघिय राजस्व शिर्षक नं.३३३१७ मा रु.४६४७१८ र अग्रिम कर वापतको रु.५३६२१ गरि जम्मा रु.५७८३३९ सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७८,३३९ |

८३.२ उक्त चाइना कम्निकेशन क्नसट्रक्सन कम्पनीले मार्कीचोक घाँटको ११०५८ घन मि. उत्खन्नको लागि समेत माग गरेकोमा पालिकाले सम्झौता गर्न समेत बोलाएकोमा एक नारीन घाँटको लागि मात्र सम्झौता गरेको देखिन्छ। यसबाट मार्कीचोक घाँटको ११०५८ घन मि. को न्युनतम मुल्याङ्कन अनुसार हुने रु.३९६८४२१ मु अ कर समेत राजस्व असुल हुन सकेको देखिएन । यस सम्बन्धमा उक्त घाँटको उत्खन्न, विक्री वितरण भए नभएको प्राविधिक पुष्टयाई सहितको अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ।

८४ **सत्रसय घाट :**

८४.१ ( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४२२,५६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८४.२ उक्त सप्लार्यसले रु.३७२१७९६ (मु अ कर र अग्रीम कर सहित) गरेको सम्झौता मध्ये लेखापरीक्षण अवधि (२०८१।०९।२२) गते सम्ममा दुई पटक गरी रु.२७४६६५३ दाखिला गरेकोमा दाखिला गर्न बाँकी रु.९७५१४३ को १० प्रतिशतले लाग्ने जरिवाना सहित रु.१०७२६५७ दाखिला गर्नुपर्ने मध्ये मिति २०८१।०५।२७ मा रु.७८८९३९ र धरौटी खातामा रहेको रु.१८४२०५ गरी जम्मा रु.९७३२३४ दाखिला गरेको देखिन्छ।अत:उक्त फर्मले दाखिला गर्न बाँकी रु.९९१२३ समयमै पालिकाको आय खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९९,१२३ |

८५ **अमानतबाट असुली कार्य :**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का नलागेको घाँटबाट स्थानिय फर्म तथा ब्यक्तिको मागको आधारमा रु.१५२९६५ राजस्व आर्जन गरेको देखिन्छ। सोको १३ प्रतिशतले हुने मु अ कर पालिकाको पान नं.२०१३६९८८१ बाट राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,८८५ |

८६ **मोटरबोट संचालन :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१,३१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८७ **क्याफटेरिया संचालन :**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं. ३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐना पहरा क्षेत्र भित्र क्याफटेरिया संचालनको लागि भवन भाडामा मिति २०८१।०१।२३ मा मासिक रु.४६००० का दरले वार्षिक मु अ कर सहित रु.६२३७६० मा सम्झौता भएकोमा २०८१।०१।२३ मा रु.६३२०४० दाखिला गरेको देखिन्छ। उक्त कार्यको मु अ कर रकम रु.७१७६० पालिकाको पान नं.२०१३६९८८१ बाट राजस्व शिर्षक नं.३३३१७ मा दाखिल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,७६० |

८८ **सामुदायिक वनको आय :**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानिय तहबाट स्वीकृत गराउनु पर्दछ । सामुदायिक वनले वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा बुझाउनु पर्ने व्यवस्था छ । डिभिजन वन कार्यालयबाट प्राप्त विवरण अनुसार यस पालिका अन्र्तगत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री गरेकोमा उक्त रकमको दश प्रतिशतले हुने रकम यस पालिकामा बुझाउनु पर्नेमा बुझाएका छैनन् । उक्त रकम उठाउन स्थानिय तहले कुनै पहल गरेको समेत देखिएन । तसर्थ: उक्त रकम असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | सामुदायिक वनको नाम | ठेगाना | सामुदायिक वन उपभोक्ता समितिको आम्दानी (सकार रकम र संकलन खर्च) | स्थानिय तहलाई बुझाउनुपर्ने १० प्रतिशत रकम रु. |
|---|---|---|---|---|
| १ | देवीस्थान सिमलश्वांरा | आँबुखैरेनी ६ | ४०११७५ | ४०११८.३३ |
| **जम्मा** | | | **४०११७५** | **४०११८.३३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,११८.३३ |

८९ **व्यवसाय कर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.८९१८० सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

९० **फोहोरमैला व्यवस्थापन :**

९०.१ गाउँपालिका क्षेत्र भित्र घर तथा व्यापारिक ईकाइबाट सृजित हुने फोहोरमैलालाई तत्काल व्यवस्थित रुपमा बिसर्जन गर्न र दिर्घकालिन रुपमा आँवुखैरेनी गाउँपालिकालाई घरघरबाटै फोहोर नियन्त्रित गाउँपालिकाको रुपमा पहिचान गराउन निजि सार्वजनिक साझेदारी (PPP) अवधारणाको आधारमा फोहोरमैला व्यवस्थापनको लागी साविक देखि सम्झौता भै कार्य गर्दै आएको संस्थासँग २०७८।०४।०१ देखि २०७९ आषाढ मसान्त सम्मको लागी स्वच्छ वातावरण संरक्षण नेपाल, काठमाडौसँग पालिकाले २०७८ श्रावण १ मा सम्झौता गरेको देखिन्छ । २०७८।०७९ को लागी भएको सम्झौता पछि अर्थात आ.व. २०७९।०८० को लागी नयाँ सम्झौता वा नयाँ संस्था छनौट नगरेको र सोही संस्थासँग थप नयाँ सम्झौता समेत गरेको देखिँदैन । उक्त संस्थासँग आ.व. २०७८।०७९ को लागी एक वर्षको मात्र सम्झौता गरेको देखियो । आ.व. २०७९।०८० र हालको आ.व. २०८०।०८१ सम्म अर्थात लेखापरीक्षण अवधि सम्म यस सम्बन्धमा कुनै निर्णय गरेको देखिएन । तत्सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :

९०.२ फोहोरमैला व्यवस्थापनको लागी अर्को सम्झौता नगरेको अवस्थामा सोही संस्थालाई निरन्तरता दिएको बुझिन्छ। उक्त समझौताको बुँदा नं १ ख अनुसार फोहरमैला व्यवस्थापनको लागी सेवा प्रवाहको आधारमा शुल्क निर्धारण गरिने उल्लेख छ । सो बमोजिम शुल्क उठाउन घर धुरी, पसल, व्यवसाय, होटल, औद्योगिक आदी क्षेत्रहरु वर्गिकरण गरि शुल्क निर्धारण हुने र संकलन गरिएको कुल जम्मा रकमो ६० प्रतिशत फोहरमैला व्यवस्थापन कार्य र ३० प्रतिशत टोल सुधारको योजना अनुरुप सामाजिक विकास कार्यमा एवं सडक वत्ति व्यवस्थापन र १० प्रतिशत गाउँपालिकाको बैक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सम्झौता अनुसार संकलन गरिएको कुल जम्मा रकम यकिन नगरेको संस्थाले के कति रकम सेवा शुल्क बापत प्राप्त गरेको छ र तोकिएको प्रतिशतको आधारमा संकलन तथा खर्चको विवरण समेत नराखेकोले यस सम्बन्धमा गाउँपालिकाले तत्काल रकम यकिन गरी संकलित रकमको हिसाब फरफारक गर्नुपर्ने देखिन्छ ।

९१ **एम्बुलेन्स सेवा :**

आँबुखैरेनी गाउँपालका एम्बुलेन्स संचालन कार्यविधि २०७८ को दफा ११ मा आर्थिक रुपमा विपन्न व्यक्ति तथा परिवारका लागी गाउँपालिकाले निर्णय गरी एम्बुलेन्स शुल्क छुट वा निशुल्क गर्न सक्ने व्यवस्था छ । सो अनुसार यस वर्ष पालिकाले तयार गरेको रसिद नियन्त्रण खातामा छपाई भएको, प्रयोगमा आएको र बाँकी समेत देखिने गरि राजस्वको रसिद प्याड संख्याको आम्दानी तथा खर्चको विवरण अध्यावधिक गरिएको देखिएन। रसिद नियन्त्रण खाता अध्यावधिक नभएकोले सम्बन्धित शाखाबाट पेश भएको रु.६११३५०

आम्दानी नै यथार्थ हो हैन यकिन गर्न सकिएन। साथै लेखापरीक्षणको क्रममा एउटै रसिद प्याडबाट दुई आर्थिक वर्ष राजस्व आम्दानी गरिएकोले उक्त रकम यकिन गरी राजस्व दाखिला गर्नुपर्ने देखिन्छ।

९२ **वातावरण शुल्क :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,०५६,४५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९३ **ऐना पहरा पूर्वाधारः**

पालिकाले ऐना पहारा पार्क पूर्वाधार निर्माणको लागि रु १३३४१२९९ लागत अनुमान कायम गरी शुभ शाहिल कन्स्ट्रक्सन प्रा.लि सँग मिति २०८०।७।२९ सम्म निर्माण सम्पन्न गर्ने गरी रु ११३१३९३१ मा मिति २०७९।११।२९ मा निर्माण सम्झौता भएको देखिन्छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्न छनः

९३.१ ३७.५ एम.एम स्टोन पेभिङ्ग कार्यको सट्टा २५ एम.एम कार्य गर्नुउपयुक्त हुने भएको तथा विभिन्न स्थलमा हार्ड रक रहेकाले डिजाइन परिवर्तकोलागि कार्यपालिकाले मिति २०८०।४।१४ गतेको निर्णको आधारमा भेरियस आदेश जारी गरी शुरु लागत अनुमानमा रु ७९६६८४ थप गरी रु १४१३७९८३ कायम गरि संसोधित सम्झौता रकम रु ११२६२०६१ कायम गरिएको छ ।

९३.२ निर्माण कार्य सम्पन्न भए पश्चात तोकिएको म्याद भित्र नापी गरी मूल्याङ्कनको आधारमा समयमै भुक्तानी दिनुपर्दछ ।पालिकाले मिति २०८१।१।२९ गते सम्म म्याद भएको योजनामा १ दिन अगाडि नापी गरी मिति २०८१।२।१७ मा निर्माण व्यवसायीको कर विजकको आधारमा कार्यपालिकाले मिति २०८१।३।४ मा अनुगान प्रतिवेदन स्वीकृत गरेको परीक्षणबाट देखिन्छ । यसरी म्याद नाघेको अवस्थामा म्याद थप गरी भुक्तानी दिनुपर्नेमा सोनगरेको देखिन्छ ।अतःम्याद भित्र अनुगमन मूल्याङ्कन गरी भुक्तानी दिनुपर्दछ ।

९३.३ सार्वजनिक खरिद नियमावली, २०६४ मा २० लाख माथिको निर्माण कार्यमा अनिवार्य विमा गर्नुपर्ने उल्लेख छ । पालिकाले निर्माण कार्य थालनी गर्दा विमा गर्नुपर्नेमा सो नगरी रनिङ्ग विल भुक्तानीको समयमा बिमा गरेको देखियो । यसरी शुरुवातमै विमा नगर्दा सामग्री तथा मानवीय स्रोतको क्षतिको जोखिम रहने भएकाले शुरुवातमै विमा गराउने तर्फ ध्यान दिनुपर्दछ ।

९३.४ पालिकाले भौचर नं १७९।३।१० बाट अन्तिम विल रु ५२८१४२२ पेश गरेकोमा रु ४६७१८७० भुक्तानी गरेकोमा वाँकी रकम रु ६०९५५२ भुक्तानी बाँकी देखिन्छ । यसरी एक आर्थिक वर्षमा भएको खर्चको भुक्तानी सोही आर्थिक वर्षमा गर्नु उपयुक्त हुने तथा आर्को आर्थिक वर्षमा गर्दा बजेट अनुशासनको पालना नहुने भएकाले पालिकाले श्रोत सुनिश्चितता गरी सोही आर्थिक वर्षमा बजेट खर्च गर्नु तर्फ ध्यान दिनुपर्दछ ।

९४ **आँधुमुल मन्दिर पूर्वाधार निर्माणः**

अन्तरसरकारी हस्तान्तरण भएका योजनामा विनियोजन भएको रकम सोही वर्ष खर्च हुन नसक्ने अवस्था भएमा फिर्ता गर्नुपर्दछ । पालिका तथा शिखर कटारी कन्सट्रक्सन बीच मन्दिर निर्माण गर्ने रु ५९९५४६८ लागत अनुमान गरी मिति २०८१।५।५ सम्म सम्पन्न गर्न गरी रु ५७०३५१४ मा प्रदेश सरकारबाट अधिकतम रु ४० लाख र बाँकी रकम पालिकाबाट बोहोर्ने गरी मिति २०८०।११।१४ मा सम्झौता भएको देखिन्छ।प्रदेश सरकारबाट तोकिएको रकम निकासा लिई योजना संचालन गर्नुपर्नेमा हालसम्म यस कार्यमा रु ३६६७७३२ खर्च भएकोमा प्रदेश सरकारबाट भौचर नं ९ बाट २०००००० र भौचर नं १५ बाट रु ११६९७०० गरी जम्मा रु ३१६९७०० खर्च भएको तथा पालिकाबाट रु ११९९६४२ गरी कूल ४३६९३४३ भुक्तानी भएको देखिन्छ । यसरी ठेक्का विल भन्दा वढी रकम रु ७०१६११ निर्माण व्यवसायीलाई भुक्तानी भएको देखिन्छ । तसर्थ, पालिकाले वढी भुक्तानी भएको रकम आगामी रनिङ्ग

विलबाट कट्टा गरी प्रमाण पेश गर्नुपर्ने वा प्रदेश सरकारको हस्तान्तिरित कार्यक्रमबाट भएको देखिँदा उक्त रकम प्रदेश संचित कोषमा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रकम रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,०१,६११ |

९५ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ ।यस वर्ष लगाएका निम्न ठेक्का मध्ये लागत अनुमान भन्दा ३६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका योजनाको विवरण देहायमा छन् ।

| क्र स | योजनाको नाम | ठेक्का नं | लागत अनुमान | कबोल अङ्क | प्रतिशत घटी/वढी |
|---|---|---|---|---|---|
| १ | डायलाइसिस सेन्टर निर्माण( एम.एम कन्सट्रक्सन) | १२।२०८०। ०८१ | ५९९९४९१ | ५३९३९४१ | ३.७ |
| २ | मार्कोचोक डुम्रीखर्च हिलेखर्क मोटर मार्ग निर्माण योजना (छिम्केश्वरी रेडिमिक्स प्र लि) | ०८।२०८०। ०८१ | १८०२५१७६ | ११००४६९८ | ३६.४ |
| ३ | आवुँखैरेनी तटबन्ध संघ विशेष(छिम्केश्वरी रेडिमिक्स प्र लि) | ०९।२०८०। ०८१ | ८०६२०२३ | ५३२४७६७ | ३०.९ |
| ४ | लाब्दी घुमाउने सडक योजना प्रदेश शसर्त( दरौदी गोरखा कन्स्ट्रकसन प्रालि | १३।२०८०। ०८१ | ३९९९८२४ | ३८३१४५७ | ०.९३ |
| ५ | आँधिमुल मन्दिर पूर्वाधार निर्माण योजना प्रदेश विशेष अनुदान( शिखर कटरी कन्स्ट्रक्सन) | १५।२०८०। ०८१ | ५९९५४६८ | ५७०३५१४ | १.५९ |

९६ **सम्पन्न हुन बाँकी योजनाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. ५४ करोड ८५ लाखका ४ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| क्र स | अधुरो योजनाको नाम | ठेक्का नं | लागत अनुमान | कबोल अङ्क | सम्झौता मिति | म्याद थप भएको अन्तिम मिति | मूल्याङ्कन | भौतिक प्रगति | म्याद थप |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मार्कोचोक डुम्रीखर्च हिलेखर्क मोटर मार्ग निर्माण योजना (छिम्केश्वरी रेडिमिक्स प्र लि) | ०८।२०८०।०८१ | १८०२५१७६ | ११००४६९८ | २०८०।९।१० | २०८१।८।७ | ८३७८२१३ | ७६ | रहेको |
| २ | आँवुखैरेनी रिङ्ग रोड निर्माण( ज्ञणि शक्ति विल्डर्स एण्ड इन्जिनियरिङ्ग) | २०८०।०८१ | ५१६४९९४९० | ४६२१७१३९ | २०८०।२।२९ | २०८२।२।२९ | १९५५८१४० | ४२ | रहेको |
| ३ | आवुँखैरेनी तटबन्ध संघ विशेष(छिम्केश्वरी रेडिमिक्स प्र लि) | ०९।२०८०।०८१ | ८०६२०२३ | ५३२४७६७ | २०८०।९।१६ | २०८१।८।१६ | ३३८६५३२ | ६४ | रहेको |
| ४ | आँधिमुल मन्दिर पूर्वाधार निर्माण योजना प्रदेश विशेष अनुदान( शिखर कटरी कन्स्ट्रक्सन) | १५।२०८०।०८१ | ५९९५४६८ | ५७०३५१४ | २०८०।११।१४ | २०८१।५।५ | ३६६७७३२ | ६४ | रहेको |

९७ **डिजेल जेनेरेटरः**

उत्पादक वा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा क्याटलग सपिङ्ग खरिद गर्ने कार्यविधि, २०७४ को दफा ५ मा मालसमान उत्पादकले आफ्नो उत्पादनको विशेषता, गुणस्तर तथा मूल्य सहित वेवसाइट वा व्रोसरमा अनिवार्य सार्वजनिक गनुपर्ने तथा दफा ६ मा स्वच्छ प्रतिस्पर्धा प्रवद्धनको लागि समान स्तरको मालसमाल उत्पादन गर्ने कम्पनीले तोकेको थोक मूल्यमा प्रतिस्पर्धा गनुपर्ने उल्लेख छ । सार्वजनिक निकायले मूल्यमा घटी तथा सुविधामा वढी हुने गरी खरिद सम्झौता गर्नुपर्दछ ।पालिकाले १२५ के भि ए डिजेल जेनेरेटर खरिद गर्ने रिलायवल अर्थमुभर्स प्र.लि लाई भौचर नं ५३।२०८०।८।८ बाट रु १६२५००० भुक्तानी गरेको देखिन्छ ।विक्रेता JCB Brand Diesel Generator को आधिकारिक विक्रेता भए नभएको विवरण परीक्षणको क्रममा खुल्न आएन ।कार्यविधि अनुसार बिक्रेताले पेश गरेको ब्रोसरमा सामग्रीको मुल्य समेत नखुलेको देखिन्छ तथा ब्रोसरमा पाँच वर्षको वारेण्टी समय भनी उल्लेख भएकोमा पालिकाले विक्रेताको कोट मुल्यमा खरिद गरेको तथा सर्भिस बारेण्टी एक वर्षको मात्र हुने गरी खरिद सम्झौता गरेको परीक्षणबाट देखिन्छ । यसरी मूल्यनै नखुलेको सामग्री क्याटलग सपिङ्ग विधिबाट खरिद गर्न नमिल्ने तथा सार्भिस वारेण्टी कम गरी खरिद गर्दा पछी मर्मतमा पालिकाललाई आर्थिक भार समेत पर्ने सक्ने हुँदा कार्यविधि विपरित खरिद भएको हुनाले अनियमित रकम रु

| | |
|---|---|
| अनियमित भएको | १६,२५,००० |

९८ **डायलाईसिस सेन्टरः**

गाउँपालिका तथा जिल्ला समन्वय समिति बीच साझेदारी भई पालिकाबाट संचालित अस्पतालमा जि स स बाट वढी मा ३० लाख लागत साझेदारी गर्ने र बाँकी अपुग रकम पालिकाले बोहोर्ने गरी सम्झौता भएको देखिन्छ। पालिकाले डायलाईसिस सेन्टर निर्माण गर्ने रु ५९९९४९१ लागत अनुमान तयार गरी एम एम कन्सट्रक्सन बीच मिति २०८०।९।६ गते ६ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी मू.अ कर सहित ५३९३९४१ मा निर्माण सम्झौता भएको देखिन्छ ।सम्झौता अनुसार जि.स.स बाट रु ३० लाख निकासा प्राप्त भएको हुनुपर्नेमा जम्मा २९ लाख प्राप्त भएको देखिन्छ । यसरी तोकिएको रकम प्राप्त नहुँदा पालिकालाई थप १ लाख व्ययभार पर्ने गएको देखिन्छ । अतःसम्झौता बमोजिम रकम प्राप्त गरी प्रभावकारी रुपमा खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

९९ **मार्कोचोक डुम्रेहिलेखर्क मोटर मार्गः**

संघिय समपूरक योजना अन्तर्गत मार्कोचोक डुम्रेखर्च हिलेखर्क मोटर मार्ग निर्माण गर्ने पालिकाले रु १८०२५१७६ लागत अनुमान तयार गरी निर्माण व्यवसायी छिम्केश्वरी रेडिमिक्स एण्ड कंक्रिट कम्पनी प्रा लि बीच मिति २०८१।३।१७ मा निर्माण सम्पन्न गर्ने गरी रु ११००४६९८ को निर्माण सम्झौता भएको देखिन्छ । उक्त कार्य शुरु सम्झौता मितिबाट ६ महिनामा सम्पन्न गर्नुपर्नेमा मिति २०८१।८।

६ सम्म म्याद थप भएको देखिन्छ ।पहिलो रनिङ्ग विलबाट रु ८६७३०१९ खर्च भएकोमा संघीय समपूरक बाट ५० प्रतिशतले हुने रकम रु ४३३६५०९ खर्च लेख्नुपर्नेमा रु ८० लाख निकासा लिई भौचर नं २१ बाट रु ६४५०६१७ खर्च लेखी बाँकी रकम फिर्ता गरेको देखिन्छ ।यसरी ५० प्रतिशत संघीय अनुदान खर्च गर्नुपर्नेमा पालिकाले उक्त अनुपात भन्दा वढी खर्च गरेको देखिएको तथा तोकिएको समयमानै समपूरक योजना कार्यान्वियन नहुँदा श्रोत सुनिश्चिततामा दवाव पर्ने सक्ने हुँदा पालिकाले थपिएको समयमानै स्रोतको व्यवस्थापन गरी योजना कार्यान्वियन गर्नुपर्दछ ।

१०० **हेभि मेशिनको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न पाइने छैन तथा हेभी मेशिनप्रयोग गर्नुपर्ने भएमा लागत अनुमान तयारी गर्ने समयमानै प्राविधिक पुस्ट्याई सहित गर्नुपर्ने भनी व्यवस्था गरेको छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले निम्न उपभोक्ता समितिलाई सडक मर्मत कार्यको लागि निर्माण व्यवसायीको उपयोग गरी हेभि इक्विपमेन्ट प्रयोग गरेको देखियो। उपभोक्ता समितिले मेशिन प्रयोग गर्ने कुनै अनुमति माग गरेको तथा लागत अनुमान तयार गर्दा प्राविधिक राय सहितको विवरण उपलब्ध नभएकाले नियमावलीको पालना भएको देखिएन । नियम ९७ अनुसार स्थानीय स्तरमा रोगजारी सृजना हुने कार्यमा उपभोक्ता समितिलाई कार्य दिनुपर्नेमा यसरी निर्माण व्यवसायीलाई जिम्मा दिँदा स्थानीय स्तरमा रोजगारी प्रावर्द्धन नुहने तथा कार्यमा दिगोपना र अपनवत्व पनि नहुने भएकाले त्यस तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| भौचर नं | उपभोक्ता समिति | लागत अनुमान | निर्माण सेवा | मू.अ कर विजक |
|---|---|---|---|---|
| ८४।१०।१८ | लाब्दी रतनपुर मोटरमार्ग उस | १०६६६७८ | कम्प्लीट कन्स्ट्रक्सन | १०६५५९६ |
| ६४।९।१२ | बरालुङ्ग टाडे सडक विस्तार उस | १६५३०१ | दरौदी गोरखा कन्स्ट्रकसन प्रा लि | १६५३०१ |
| १५८।२।१७ | भाँगे ह्याङ्गसिङ् कृषि पर्यटन मार्ग | १०२९९८५ | हेम्वास कन्ट्रक्सन | १०२९४८५ |

१०१ **मूल्य अभिवृद्धि कर भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको विल भरपाई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । जिल्ला दररेटमा ओ. पि. सि. सिमेन्टको प्रति बोरा रु. ६६० (भ्याट वाहेक) र पि. पि. सि. सिमेन्टको प्रति बोरा रु.५७० (भ्याट बाहेक) रहेकोमा पालिकाले देहायका उपभोक्तालाई सोही दरमा मु.अ.क. सहित भुक्तानी दिएको र उपभोक्ता समितिले न्युन परिमाणको विजक पेश गरेकाले उपभोक्ता समितिलाई वढी भुक्तानी भएको देखिँदा सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ न। मिति | उपभोक्ता समिति | | मूल्याङ्कन भएको रकम | लागत अनुमान अनुसार हुनपर्ने परिमाण | उपभोक्ताले पेश गरेको विजक असुसार | फरक रकम | बढी मू अ कर भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ८१।२०८०। १०।१८ | सत्रसय छविस सिँचाई योजना उस | सिमेन्ट | १०६८८३० | ३१५ बोरा | २९२ बोरा | १५१८० | १९७३ |

१०२ **पाइप प्रयोगको प्राविधिक पुष्ट्याईः**

सार्वजनिक स्रोतको परिचालन प्रभावकारी तथा दक्षतापूर्ण तारिकाबाट हुनुपर्दछ तथा सोको लाभ लक्षित वर्गले पाउने गरी परिचालन गर्नुपर्दछ । भौचर नं ३१।२०८०।७।१३ बाट मस्याङ्गदी स्टोर्सबाट खरिद भएको १४०४५ मिटर HDPE 75 पाइप विभिन्न वडाहरुमा वितरण भई सकेको भरपाई पेश भएतापनि जडान भएको प्राविधिक पुस्ट्याई हुने नापी किताव एंव प्राविधिक प्रतिवेदन पेश हुन नआएकाले जडान भएको प्रतिबेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९२,०२५ |

१०३ **स्वामित्व नहुने संरचनाः**

पालिकाले आफ्नो स्वामित्वमा भएको क्षेत्रमा संरचनात्मक रुपमा उत्पादनशील तथा रोजगारी प्रवर्द्धन हुने क्षेत्रमा संरचनात्मक लगानी गर्नुपर्दछ । निम्न सामुदायिक भवनमा पालिकाको स्वामित्व नरहने तथा निर्मित भवनको नक्सापास तथा स्वामित्व व्यक्तिगत हुन सक्ने भएको हुँदा पछि स्वामित्व हस्तान्तरण समस्या आउने भएकाले तथा स्थानीय रुपमा उत्पादनशील समेत नहुने भएकाले पालिकाले जग्गाको नामसारी नभएको योजनामा लगानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौचर नं | निर्मित संरचना | रकम |
|---|---|---|
| १२५ | प्यूघट वुद्ध गुम्बा निर्माण | ४९८५७८ |
| १२८ | लालीगुराँस गुठी समाज निर्माण | ६९९९६१ |
| १५७ | अक्लाङ् सामुदायिक भवन | २७५७४३ |

१०४ **आर्थिक सहायता :**

आँबुखैरेनी गाउँपालिकाको नागरिक उपचार तथा व्यवसायी सुरक्षा कोष संचालन र व्यवस्थापन कार्यविधि, २०७९ परिच्छेद ४ दफा ७ मा क्यान्सर रोगको निदान भएका गाउँपालिका भित्रका नागरिकलाई एकपटक प्रति व्यक्ति रु.५००० र अन्य प्रकृतिको रोगको हकमा अधिकतम ३५००० उपचार खर्च बापत नागरिक उपचार तथा व्यवसायी सुरक्षा कोषबाट आर्थिक सहायता भुक्तानी दिन मिल्ने गरी कार्यविधि तयार भएको छ । पालिकाले यस आर्थिक वर्षमा यस शिर्षकमा रु.१३००००० बजेट बिनियोजन भएकोमा रु.७३८६७५ बजेट खर्च लेखेको छ। केही उदहारण :

| **गो.भौ.नं/मिति** | **भुक्तानी पाउने** | **खर्च शिर्षक** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ०४।२०८०।०५।२२ | युवराज वगाले | नागरिक उपचार तथा व्यवसायि कोष | १००००० | Cancer |
| ०६⁄२०८०।०५।२९ | झिमेल भुजेल | नागरिक उपचार तथा व्यवसायि कोष | १५००० | पित थैलीमा पत्थरी |
| ४९/२०८०।०७।०१ | निर माया कामी | नागरिक उपचार तथा व्यवसायि कोष | २०००० | विशालु सर्पको टोकाइ |
| ८१/२०८०।०८।११ | सुनिता परियार | नागरिक उपचार तथा व्यवसायि कोष | १५००० | क्यान्सर |
| ९९/२०८०।०९।०२ | सन्देश रम्तेल | आर्थिक सहायता | १०००० | शारिरिक रुपमा असक्त |
| १२५/२०८०।०९।०६ | चन्द्र बहादुर गुरुङ्ग | नागरिक उपचार तथा व्यवसायि कोष | ३०००० | क्यान्सर |
| १३५/२०८०।०९।२३ | एक बहादुर थापा | नागरिक उपचार तथा व्यवसायि कोष | ५०००० | क्यान्सर |
| १३७/२०८०।०९।२३ | भुवन भुजेल | नागरिक उपचार तथा व्यवसायि कोष | ३०००० | घाइते |
| १३८/२०८०।०९।२३ | नन्द कुमारी भुजेल | नागरिक उपचार तथा व्यवसायि कोष | ५०००० | क्यान्सर |
| १५२/२०८०।१०।१६ | प्रेम बहादुर गंगाजु | नागरिक उपचार तथा व्यवसायि कोष | २१५०० | मुट्टरोग |
| १५४/२०८०।१०।१६ | नर जित गुरुङ्ग | नागरिक उपचार तथा व्यवसायि कोष | ५०००० | क्यान्सर |
| १६०/२०८०।१०।१७ | चिज माया गुरुङ्ग | नागरिक उपचार तथा व्यवसायि कोष | ३०००० | शारिरिक रुपमा अशक्त |
| ६८.२०८०।०७।२२ | बुद्धि माया गुरुङ्ग | नागरिक उपचार तथा व्यवसायि कोष | २५००० | पित थैली सम्बन्धि रोग |
| **जम्मा** | | | | |

१०५ **जिन्सी व्यवस्थापन तर्फ :**

१०५.१ **जिन्सी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित

सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा पूर्ण रुपमा प्रविष्टी गरेको पाइएन । कार्यालयले अर्न्तगतका स्वास्थ्य संस्था, शिक्षण संस्था लगायतका संस्थामा मालसामान हस्तान्तरण गरेकोमा उक्त संस्थाहरुले दाखिला प्रतिवेदन पेश गर्ने नगरेको । पालिकाबाट खरिद भई हस्तान्तरण हुने सम्पूर्ण मालसामान एकिन गरी दाखिला प्रतिवेदन कार्यालयले प्राप्त गर्नुपर्दछ ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । अतः नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

१०५.२ जिन्सी निरीक्षण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरिक्षणमा उल्लेख भई कैफियत जनाएको मालसामानको मर्मत सम्भार र लिलाम विक्री गरेको छैन । नियमावलीमा भएको व्यवस्था अनुसार जिन्सी निरीक्षणमा उल्लेख भए बमोजिम मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१०६ **जडानको प्रमाण :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ३९(५) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहायको कार्यहरु गर्दा लागत अनुमान तयार गरेता पनी नापि किताब तथा प्राविधिक मुल्याङक तयार नगरी खर्च गरेकोले कार्यसम्पादन भए नभएको यकिन हुन सकेन ।अत: नापि किताब तयार पारी जडानको प्रमाण पेश गर्नुपर्ने रु.

| **गो.भौ.नं/मिति** | **कार्य/विवरण** | **स्पलार्यस** | **रकम** |
|---|---|---|---|
| २०५/२०८१।०३।१६ | तार जाली पाइप खरिद | मर्स्याङ्दी स्टोर्स | ९७९३४० |
| ३१/२०८०।०७।१३ | तार जालि तथा पाइप खरिद | मर्स्याङ्दी स्टोर्स | ९९२०२५ |
| **जम्मा** | | | **१९७१३६५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,७१,३६५ |

१०७ **प्रमाण पेश गर्नुपर्ने :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले भौ.नं.६०१ मिति २०८१।०३।२४ बाट संलग्न विल भरपाई निवेदन तोक आदेश समेतको आधारमा भुक्तानी दिएको भनी युवा तथा खेलकुद कार्यक्रममा रु.३५०००० खर्चको लेखा राखेकोमा बिल भरपाई संलग्न गरी खर्चको लागि आवश्यक प्रमाण सुनिश्चित गरेको देखिएन।अत: दिनेस केसीलाई भुक्तानी भएको रु.३५०००० सम्बन्धितकार्यमा खर्च भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

१०८ **डि.पि.आरः**

सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निकायले परामर्श सेवा बाट डि पि आर जस्ता प्राविधिक कार्य गर्दा सो कार्य आफ्ना कर्मचारीहरुबाट हुन सक्ने वा नसक्ने विषयमा विश्लेषण गरी नसक्ने भएमा प्रतिस्पधी खरिद विधिबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न भौचर नं बाट परामर्श सेवा खरिद भएको देखिन्छ । कार्यलयमा रहेका प्राविधिक कर्मचारीबाट सम्पन्न हुन सक्ने वा नसक्ने वारे पयाप्त छलफल, विश्लेषण समेत गरेको देखिएन ।यसरी परामर्श सेवा वापत वाहिरी परामर्शदाताबाट कार्य गराउँदा तत्कालको लागि सहज भएता पनि प्राविधिक कर्मचारीको ज्ञान, सीप र दक्षता कार्यालयले उपयोग गर्न नसक्ने हने भएकाले पालिकाले कार्यालयका कर्मचारीलाई क्षमतावान बनाई डी. पी आर तयार गर्नपर्दछ ।

| भौचर नं | डी पि आरको विवरण | परामर्शदाताको नाम | भुक्तानी भएको रकम | कूल लागत अनुमान | यस वर्ष विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ११७।१।१० | गिराउनचौर, हिलेखर्क नमुना गाँउ | एक्सिस इन्जिनियरिङ् एण्ड म्यानेजमेन्ट | १८०९१६३ | १९१८३१२५ | ३०००००० |

१०९ **सफ्टवेयर जडानः**

कार्यालय तथा सेवा प्रदायक बीच भएको सम्झौता शर्तको बुँदा नं १ मा सेवा प्रदायकले कार्यालयले स्वीकृत गरेको अनलाइन इन्ट्रिगेशन, दर्ता चलानी, सिफारिस व्यवस्थापन, जिन्सी व्यवस्थापन, अपाङ्गगता परिचयपत्र व्यवस्थापन, न्यायिक सम्पादन व्यवस्थापन प्रणाली जस्ता १३ प्रकारका कार्यको लागि एकीकृत सफ्टवेयर निर्माण गरी ९० दिनभित्र जडान गर्नुपर्ने, बुँदा नं ६ र ७ मा डाटा माइग्रेट गर्नुपर्ने तथा सोको लागि कार्यालयले डाटा उपलब्ध गराउनुपर्ने तथा सफ्टवेयर जडान भएको अनुगमन पश्चातमात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले भौचर नं १२१।१।१७ बाट सफ्टेक इन्फिसिस प्रा.लि लाई रु १९५२६४० एकीकृत सफ्टवेयर खरिद कार्यको लागि भुक्तानी दिएको देखिन्छ ।यसरी सफ्टवेयर खरिद गरिसकेपछि कार्यालयले डाटा माइग्रेट तर्फ ध्यान नदिँदा सफ्टवेयर पूर्ण रुपमा संचालन नभएको लेखापरीक्षणको क्रममा भौतिक परिक्षणबाट देखियो तथा सम्झौता अनुसार जडान भएको अनुगमन गरी प्रतिवेदनको आधारमा भुक्तानी गरेको देखिएन ।तसर्थ पालिकाले सफ्टवेयरको पूर्ण संचालनको लागि सेवा प्रदायकलाई सम्पूर्ण डाटा माइग्रेट गरी जाडानको सुनिश्चितता गर्नुपर्दछ ।

११० **अन्य निकायको खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ।पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन।पालिकाको मातहतका वाहेकको कार्यालयको सञ्चालन खर्च सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र गाउँपालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने भएकोले नियम सम्मत नदेखिएको रु.

| **गो.भौ.नं/मिति** | **निकाय** | **खर्चको विवरण** | **रकम** |
|---|---|---|---|
| ३२७/२०८०।०१।१२ | ईलाका प्रहरी कार्यालय,आबुखैरेनी | मेशिन | २४६०० |
| ५८८/२०८१।०३।२४ | तनहुँ जिल्ला अदालत | ५ थान ए.सि | ५८४०३८ |
| **जम्मा** | | | **६०८६३८** |

| | |
|---|---|
| अनियमित भएको | ६,०८,६३८ |

१११ **दोहोरो पदाधिकारी सुविधा :**

गण्डकी प्रदेश पदाधिकारी सुविधा सम्बन्धि कार्यविधि,२०७९ अनुसार तोकिएको दरमा यातायात सुविधा वापतको रकम भुक्तानी भई सकेको अवस्थामा भौचर नं २१५/२०८०।१०।२३ बाट वडा सदस्य खड्क राज थापालाई यातायात वापतको सवारी भाडा खर्च रु.२६४०० भुक्तानी भएकोले सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,४०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : आँबुखैरेनी गाउँपालिका, तनहुँ , आबुखैरेनी गाउँपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bishnu Prasad Sharma | २०७९-४-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायण ढकाल | २०७९-६-२ | २०८०-१०-२३ |
| लेखा प्रमुख | bimal prasad paudel | २०८१-३-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | binod aryal | २०८०-१२-२३ | २०८१-३-७ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,५८५,३७४.३४ | १२,०७५,७७० | ४,८४८,२३३ | ० | ० | ३२५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २१,८३४,३७७.३४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३,३७१,३७१.३२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १८,४६३,००६.०२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७७९९४६८६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५२४६८९८० | चालु खर्च | ३०३०७१६०४ |
| प्रदेश सरकारबाट अनुदान | २१५९७६०० | पूँजीगत खर्च | १७७७७३७०२ |
| राजश्व बाँडफाँट | १३४२९४८८९ | वित्तीय/अन्य व्यवस्था | १९९७७५७० |
| आन्तरिक आय | २५९३५२१५ | | |
| अन्य आय | ३८३७२६७३ | | |
| कुल आय | ४७२६६९३५७ | कुल खर्च | ५००८२२८७६ |
| बाँकी मौज्दात | | ४९८४११६७ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।